प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १४ अङ्क ६ पूर्णाङ्क ७८ विधाकेन्द्रित साहित्यिक पत्रिका २०७८ फागुन-चैत्र

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**

**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÂ0f{lhDd]jf/ :jod\n]vs g}xg\]5g\.

# सम्पादकीय

• नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

• नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि सात सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

• कविता साहित्यको सर्वप्रिय विधा हो । साहित्यका विविध विधामा कविता विधा धेरै लेखिन्छ । कविता अन्तर्गत छन्द, मुक्त छन्द, गीत, गजल, मुक्तक, हाइकू, तान्का आदि अनेक छन् । आजकल छन्दका कविता-काव्य-महाकाव्यको बाढी लागेको देखिन्छ तर छन्द र व्याकरण दुवैमा ध्यान जानु पनि जरुरी छ । स्रष्टा/कविले आफ्नो लेखनमा यसतर्फ ध्यान दिनसकेमा छन्द कविताको भविष्य उज्ज्वल छ ।

• वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

• वैजयन्तीको ७८ औं अङ्कका लागि ५३ ओटा छन्दकविताहरू प्राप्त भएका छन् । वैजयन्तीले छन्दकविता अङ्कको रूपमा ५, ८, १७, २३, ३०, ३६, ४२, ४८, ५४, ६६, ७२ र अहिले यो ७८ अङ्कसमेत छन्दकविताको बाह्रौं अङ्क आइसकेको छ ।

• आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ र तदनुकूल लेख रचनाहरू पनि देश विदेशबाट प्राप्त गरिरहेको छ ।

• वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

• **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-४, गजल-४, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-६, गद्यकविता-७, कथा-६, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१२ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

७९ औं अङ्क **संस्मरण-अङ्क-७** आउनेछ ।

## यस अङ्कमा


| क्रम कविता | कवि | पृष्ठ |
|---|---|---|
| १. हाम्रो भेटै जति हुनु भयो | इन्द्रकुमार श्रेष्ठ | ५ |
| २. माटोको पुकार | उत्तमकृष्ण मजगैयाँ | ६ |
| ३. स्वप्नदोष | आर मानन्धर | ३४ |
| ४. दयालु आमा | ओमप्रसाद कोइराला | ७ |
| ५. मेरो सिर्जना र म | कलानिधि दाहाल | ८ |
| ६. प्रतीक्षा | कविता देवकोटा रिजाल | १० |
| ७. मान्छे | कृष्ण भण्डारी 'मुमुक्षु' | ११ |
| ८. पृथ्वी-रण संवाद | कृष्णप्रसाद बस्याल | १२ |
| ९. नेता | कृष्णप्रसाद कोइराला | १४ |
| १०. नहुनु ननिको | खगेन्द्र खोल्साघरे | १५ |
| ११. क्रान्ति | गङ्गा आचार्य सापकोटा | १६ |
| १२. अजब दाङ औ द्यौखुरी | गङ्गानाथ कोइराला | १७ |
| १३. होली | डा. घनश्याम न्यौपाने 'परिश्रमी' | १८ |
| १४. रसिला कहानी | चन्द्रप्रसाद न्यौपाने | १९ |
| १५. चमेली | जगदीश्वर पोखरेल | २० |
| १६. म हुँ सर्वहारा | टङ्कराज ढकाल 'तितेपाती' | २१ |
| १७. न देखूँ सपना | ठाकुरचन्द्र शर्मा | २२ |
| १८. जाग्नुपर्ने छ आज | ठाकुर शर्मा भण्डारी | २३ |
| १९. लुम्बिनीदूत आयो | डिल्लीराज अर्याल | २४ |
| २०. बन्छौ तिमी माकुरा | तिलस्मी प्रभास | २५ |
| २१. यथार्थ | दुर्गा अधिकारी 'भमरकोटे' | २६ |
| २२. दयामृत सेचन होस् | दुर्गा रिजाल 'सुरभि' | १६ |
| २३. चलखेल हुने रैछ | ध्रुवकुमार थापा | २७ |
| २४. तरङ्ग | नरेन्द्रराज पौडेल | २८ |
| २५. तपस्या | डा. नारायण निरौला | २९ |
| २६. सोचेजस्तो भैदिए | नारायण नेपाल | ३० |
| २७. जन अधिपति | नारायणप्रसाद न्यौपाने | ३१ |
| २८. बिहानी | पदम दाहाल | २८ |
| २९. होली महिमा | परशुराम पराशर | ३२ |
| ३०. एकताको प्रमाण | पुरुषोत्तम सिग्देल | ३३ |
| ३१. सब बुद्ध बनून् | प्रह्लाद भट्टराई पहरेदार | ३४ |
| ३२. राम्रो म | डा. बमबहादुर जिताली | ३५ |
| ३३. मन | बुनू लामिछाने | ३६ |
| ३४. आत्मा हो कविता | भगवती अर्याल पाण्डे | ३७ |
| ३५. होली र जीवन | भागवत आचार्य | ३८ |

| | | |
|---|---|---|
| ३६. दहचोक | भुवनहरि सिग्देल | ३९ |
| ३७. बाबा | मञ्जु मञ्जुभाषिणी | ४० |
| ३७. बुद्ध्यौली कविता | महादेव अधिकारी | ४१ |
| ३९. विकास पथमा खेती बढाएपछि | डा. मेघराज ढकाल | ४२ |
| ४०. स्वदेश चिन्तन | रमेश भट्टराई 'सहृदयी | ४४ |
| ४१. भारा तिरूँ के गरी ? | रश्मि भट्ट | ४५ |
| ४२. परदेशको मोह | राजेन्द्रकुमार बज्राचार्य | ४६ |
| ४३. वीर योद्धाको सम्मानमा | रोहिणी रसिक | ४७ |
| ४४. हे जन्मभूमि माता | लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी' | ४८ |
| ४५. रूपकै रूपले मरे | वसन्तकुमार शर्म्मा नेपाल | ५० |
| ४६. यसैमा मजा भो | विनयकुमार शर्मा नेपाल | ५२ |
| ४७. प्रश्नैप्रश्न | विष्णु दाहाल | ५३ |
| ४८. बाँच्ने बचाउने खेती... | शिवप्रसाद भण्डारी | ५५ |
| ४९. विशृङ्खल भावना | श्रीहरि फुयाँल | ५६ |
| ५०. झ्यालखाना दुरुस्तै | डा. श्यामप्रसाद न्यौपाने | ५७ |
| ५१. बन्छौ भने निर्मल | सीता भट्टराई | ५८ |
| ५२. मनोरोग | सीता शर्मा 'शीत' | ५२ |
| ५३. ती खाल को हुन् भन | हरि कट्टेल | ५९ |
| ५४. नेपाल | हरि पराजुली | ६० |
| ५५. शब्द | हरिप्रसाद पौडेल 'स्वर्णशिखा' | ६१ |
| ५६. आत्मविश्वास | हरिशरण ढुङ्गाना | ६२ |
| ५७. धिक्कार तिम्रो मन | होमनाथ शर्मा | ६३ |
| ५८. समानताको सन्देश | डा. होमप्रसाद गृहस्थी | ६४ |


स्थायी स्तम्भ


**आवरण चित्र** : सक्वीन घिमिरे, हाल : क्यालिफोर्निया, अमेरिका

**पुछारको पातो** : पद्यमा अघिल्ला संयुक्त वर्णका ह्रस्वदीर्घ प्रयोगबारे उत्कण्ठा
पुरुषोत्तम सिग्देल ६५

नेपालका केही पुस्तक पसलहरू : ७५

शब्दार्थ प्रकाशनका पुस्तकहरू : ७९


**अब हाम्रो पालो**

संस्मरणअङ्क, हाइकूअङ्क, लघुकथा आदि अङ्क ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।



# हाम्रो भेटै जति हुनु भयो

**इन्द्रकुमार श्रेष्ठ**

हाम्रो राम्रो घरजम थियो सल्ल बग्दै गरेको
बाबाआमासहित रसिलो भाग्यले साथ दे'को
पैलो सन्तान सपुत गतिलो पढ्नमा तेज निस्क्यो
छोरी उस्तै दुई पनि भए दुःख हर्ने सबैको ।

पढ्दै पढ्दै अघि बढिरहे बाबुनानी रूपौला
साँची स्वप्ना रमिकन रह्यौं आस बोकेर नौला
जम्मै राम्रो भइकन यहाँ बीचमा यो के भयो हो
मैले रोगी बनिकन दिएँ पीर हा ! जिन्दगीको ।

दुख्थ्यो धेरै सहन नसकी दैवले दुःख भोगे
भोग्दाभोग्दै बुझिकन पिडा अन्त्यमा मुक्ति रोजे
ऐले सन्चो खुस भइ परंधाममा बस्न आएँ
मैले सारा जगतभरको दुःखको मुक्ति पाएँ ।

बाबाआमा नहुनु भइगो पीर यौटै नगर्नू
मेरी लीला पनि त बुझकी छ्यौ नि आँसु नझार्नू
छोरा हौ माधव कुल तिमी हौ प्यार मेरो छँदै छ
सह्माल्ने छौ ममि र बहिनी आज यस्तै भयो त !

ठूली छोरी मधुर जमुना हेर्छु मुस्कान तिम्रो
सानी रक्षा गर तिमी घरै पारखी छ्यौ नि हाम्रो
जिम्मेवारी मनमनभरी काम गर्नु सबैले
आफै ज्ञानी सब प्रियहरू भन्नु के पर्छ मैले !

खोला जङ्गल पथहरू सबै लाग्छ माया मलाई
बारीपाखातिर पनि डुली हाँस्छु सन्तुष्टि पाई ।
हाम्रो भेटै जति हुनु भयो सम्झिएरै बुझाऊँ
स्वर्गैमा यो बसिरहँदा के ! ढुक्कले बस्न पाऊँ ।

ä ã

ओखलढुङ्गा ।

# माटोको पुकार

उत्तमकृष्ण मजगैयाँ

छोडेर दूर लाग्यौ खोज्दै नयाँ सुराज
डुब्दै छ लौ ! यहाँको नावीविना जहाज
ढल्दै छ सृष्टि तिम्रो बन्दै उजाड सारा
छन् सिर्जना फिका झैं निष्प्राण बेसहारा ।

सौन्दर्यहीन कस्तो ! त्यो भव्य फूलबारी
हेर्दै उराठ लाग्दो देखिन्छ वारिपारि
चर्ने स्थली बनेको त्यो घाँसको गलैंचा
लाग्दै छ शून्यतामा श्रीहीन झैं बगैंचा ।

छन् आँप, नासपाती, अम्बा, लिची, फगीर
पूरै उजाड मानौं आत्माविना शरीर
छोडेर बाबुआमा छोरा विदेसिए झैं
आवास लाग्छ मात्रै बाँकी छ धुक्धुकी झैं ।

पैरो लडेर बर्खे बाढी सबै पसे झैं
देखिन्छ भत्किएको भूकम्पले धसे झैं
लाग्थ्यो सुरम्य कस्तो ! आवाद जिन्दगानी
बाँकी छ घाउ मानौं हो युद्धको निसानी !

स्वर्गस्थली थियो जो बन्दै विरक्त ठाउँ
भन्दै छ, हे विधाता ! फर्केर फेरि आऊ
माटो सिँगार्न आफ्नो ऊर्जा सबै खन्याऊ
प्यारो वसन्त डाकी उस्तै पुनः बनाऊ !

छन्द : दिक्पाल घोराही, दाङ ।

ä ã



# दयालु आमा

ओमप्रसाद कोइराला

आमा शब्द सबैलाई लाग्छ मीठो र सुन्दर
अन्धकार सरी हुन्छ आमा बेगरको घर
छोराछोरी सबैलाई माया गर्ने बराबरी
सन्तानहरूको रूपरङ्ग हुन्छ थरी थरी ।

दयावान् जो बनी राम्रो गर्ने दुःख भए पनि
सबैको हितमा आमा सदा तत्पर छन् अनि
खटेकी छन् रमाएर दिनरात सधैंभरी
चुल्होचौको सबै काम गर्नुपर्ने घरी घरी

सफा सुघ्घरमा आफ्नो ध्यान दृष्टि पुऱ्याउने
सबैथोक मिलाएर खाना बेश बनाउने
सीप सागरको खानी कर्म गर्ने थरी थरी
यिनलाई सघाएर भन्छ खै को कठैवरी ।

बालबच्चा सम्हालेर खटेकी छन् सुसारमा
चम्किलो छ सदाकाल चन्द्रमा झैं मुहारमा
मीठो वचनले मक्ख पार्न सक्ने रमाउने
दुःख दर्द लुकाएर अरूलाई हँसाउने ।

भाग्यमानी भयौं हामी आमाको मोहमा परी
दुःख पीडा सबैथोक छैन केही कसै गरी
सदा शान्त बनाएर कर्म गर्ने भयौं तर
आमाबाट भएका छन् सन्तान किन हो पर ?

ä ã

के तपाईंले हाम्रो चिकित्सा शब्दसागर हेर्नुभएको छ ?

# मेरो सिर्जना र म !

**कलानिधि दाहाल**

मेरो यो मनको प्यास सिर्जना सङ्सँगै वहोस्
ऊर्जाशील हुँदै सारा धराधार चुमी रहोस्
पलाका प्रणयी पाना पानामै दिल फैलियोस्
छलका बाछिटाभित्र न मैलिई उता वहोस् ।

दर्दले कपडाजस्तै पारून् छुप्छुप छुप्छुप
उल्लास यसमै ओर्ली निदाउन् अझ झुप्झुप
निराशाहरूमा आशा दीप धप्धपमा बलून्
उदासमा उमङ्गी झन् प्वाँख फट्फटमा चलून् ।

अल्पज्ञानी हुनेभित्र पूर्णतातिर लम्किऊन्
साधुसज्जनमा मिया खम्बाझैं मन उभ्भिऊन्
धानझैं छिटिदै जाउन् परालबाट छुट्टिऊन्
सफा चामलका दाना जस्तै जीवन्तमा रहून् ।

पोगटे जनका निम्ति धारको तरवार होस्
मनचामलका निम्ति आनन्दको वहार होस्
थोपोमा विष खोलो होस् अमृतमा मदालस
सत्य शृङ्गारको बन्दै लागोस् सुन्दर पालिस ।

बनून् बन्धनमा मुक्ति जेलका घर हुन् खुला
सङ्कीर्ण मुटुका भाँचूँ दरो बनेर पाम्सुला !
कवि बन्धनका बाटा जम्मै पारी खुला खुला
कक्रक्कका सबै भाँच्ने बन्दै छामेर पाम्सुला ।

चरी चिर्बिरका गीत रमून् डाली डुली डुली
सुन्दै स्वर्ण सुधा छर्ने उमारोस् मन खुल्दुली
रोगीका मनमा पुग्दा चिकित्सक बनोस् कतै
मनोरोग निको पार्ने ब्रह्मास्त्र होस् जताततै ।



अग्ला उन्मादका राग छिन्ने यो तरवार होस्
दीनका दर्दमा रम्ने आरामी दरबार होस्
अङ्बाङ्गेहरूका बाङ्गा सोझिने उपहार होस्
जम्मैमा सम सम्झौता आकर्षक जुहार होस् ।

वयमा लय हालेर वहेली भावमा वहौं
भाव नै जिन्दगी ठान्ने सिर्जनाको मुहार हौं
वस्तु बाँच्ने सबै मर्छन् सधैं भाव छ जीवित
जीवन्त जिन्दगी ज्यूँने सिर्जना होस् कलासित ।

कखरा नसिकी उग्र जान्ने छुको नहोस् मन
जे छु त्यो त्यसकै छायाँ छाप होस् नित्य गुञ्जन
जे छ त्यो बाहिरी हेर्छन् आँखामै बाँच्दछन् जन
त्योभन्दा गहिरो भित्र पौडिदै गरूँ गुञ्जन ।

ह्यूँचुली ह्यूचुलीजस्तै अग्लने पनि हौं कतै
सिञ्चदै ह्यूँचुलीजस्तै पग्लने पनि हौं कतै
पर्वतारोहमा अग्लो हौं आरोही यता कतै
अवरोही बनी ओर्लूं सकुशल जताततै ।

रोकिने ठाउँ छन् गौंडा फोरूँ लिएर हम्मर
बिघ्नबाधा सबै तोडूँ आफ्नै लिएर हम्मर
घुमूँ पाखा फुलूँ फूल सजाऊँ वासना दिल
ओर्लूं खोँच लिऊँ खाका छन् त्यता कति थिल्थिल ?

दीनभित्र पसूँ खेलूँ विचरामा चरा बनूँ
सताउने सबैमाथि म ठुङ्ने कुखुरा बनूँ
आर्तका वहने आँसु हरिया पाइाले पुछूँ
थोपर्ने दर्दका हात म शिला हातले थिचूँ ।

छन्द : अनुष्टुप रातोपुल, काठमाडौं ।

ä ã

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन् ।
1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan/

# प्रतीक्षा

**कविता देवकोटा रिजाल**

प्यारा छन् परदेशमा त कहिले फिर्छन् भनी चित्तमा
बस्दी हुन् कति आशले तिनी कठै प्यासी बनी झ्यालमा
सल्क्यो रे ! विरहाग्निको दनदनी ज्वाला डढेलो बनी
पारूँ साम्य भनेर बर्सन गयो आँखा असारै बनी ।

आशा छन् मनमा सयौं किसिमका लाग्दो होला खुल्दुली
सम्झी त्यो प्रिय रूप भेट्छु कहिले भन्दै बढ्यो ढुकढुकी
देख्दामा नभ स्वच्छ नील नभमा सोह्रै कलाका शशी
चस्क्यो रे ! मुटुमा बिझेर अहिले काँढा तिखो भै पसी ।

बोकी हिंड्छ हवा सुगन्ध छ मिठो वासन्तीको याममा
लागे मञ्जरी आँपमा, कुसुम छन् आफ्नै खुसी चालमा
थाल्यो कोकिलले कुहूकुहू गरी सम्झी पुरानू स्वर
नाच्छन् सुन्दर फूलमा पुतली ती उड्दै गरी फिर्फिर ।

चाख्दै स्वाद अनेक पुष्परसको उन्मत्त भै बेसुर
गुञ्जायो वनमाझ त्यो भ्रमरले भूँभूँ गरी आखिर
यो देखी तिनलाई लाग्दछ कतै प्यारा प्रवासी तिमी
बिर्स्यौ के परदेशको मुहुनीले बाँध्यो बनी बन्धनी ।

आशाको बलियो छ डोर त्यसमा अल्झाउँदी प्राण त्यो
बाँधी प्रीतम प्यारले हृदयमा विश्वास हो जान त्यो
थाके नेत्र परन्तु थाक्न उनको मान्दैन त्यो चित्त रे !
पक्कै फर्की ती आउँछन् भनी अझै गर्छिन् प्रतीक्षा अरे !
छन्द : शार्दूलविक्रीडित                सिद्धार्थनगर, रूपन्देही ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**



# मान्छे

**कृष्ण भण्डारी 'मुमुक्षु'**

मान्छे साधक धर्म कर्म पथको आदर्शको पुञ्ज हो
यो कस्तो कुन देश वादतिरको भन्ने कुरा व्यर्थ हो ।
जो जस्तो छ जहाँ छ जे छ उसको आफ्नोपना मुख्य हो
संस्कारी सुख दुख्खमा सहृदयी बन्दै सुधा छर्छ यो ।

लोभी नेत्र घुमाउँदैन यसले बाठो बनी प्यारमा
हिंसा क्रोध र पाप रोक्छ यसले मान्छे हुने सारमा ।
भोका बालक वृद्ध सेवक कुनै छन् कष्टमा हेर्दछ
माटोमा पसिना बगाइ दिनहूँ यो कर्ममा रम्दछ ।

घुम्दै लेक समुद्र फाँट वनमा पाखा र मैदानमा
जिम्दो शासन गर्छ मानव भई प्राणीहरूमा यहाँ ।
शिक्षाको धनको र वीर हुनुको उद्योगमा रम्दछ
बाँडी खान्छ, पवित्र भाव सबमा अर्पेर यो बाँच्दछ ।

गोला बारुद युद्धबाट यसले अन्याय नै मास्दछ
ईर्ष्या द्वन्द्व र भ्रष्टतासँग लडी दुर्भावना चिर्दछ ।
आमा हुन् धरती पिता गगन हो सत्कर्म हो जीवन
श्रद्धा बाड्दछ ज्ञान छर्छ यसले नौलो दिई चिन्तन ।

कैले चेतन शक्ति बन्छ मनको वेदान्त यो पढ्दछ
कैले पूजन गर्छ आर्तहरूको पीडा यही हर्दछ ।
चिन्ता वैभव औ विकास पथको गर्दै यहाँ घुम्दछ
मान्छेका दिलभित्र बस्छ मधुरो मुस्कान यै छर्दछ ।

सस्तो जात र भातको कटुकथा जप्दैन यो मानव
सारा संस्कृति बाँच्नुका पहलु हुन् स्वार्थीपना व्यर्थ छ ।
जो निन्दा र अहं लिएर मनमा बाँच्यो उही गिर्दछ
जो सेवा शुभभाव राख्छ मनमा त्यो ब्रह्म झैं बाँच्दछ ।
छन्द : शार्दूलविक्रीडित                कीर्तिपुर ।

ä ã

# पृथ्वी-रण संवाद

**कृष्णप्रसाद बस्याल**

पृथ्वीनारायण शाह-

नाताले मीतका बाबु पिता नै मान्नुपर्दछ
हो, राजनीतिमा किन्तु यो सवै भुल्नुपर्दछ
बुझ्लान् सन्तति भावीले मेरो स्वार्थ थिएन क्यै
यौटै राष्ट्र बनाएर रचुँला कि म स्वर्ग यै ।

सानो थ्यो गोरखा राज्य विस्तार यै गरीकन
विशाल राष्ट्र निर्माण गरूँला म कुनै दिन
सङ्घर्षको लिएँ बाटो यही उद्देश्य प्राप्तिमा
जीवनै अर्पिएँ सारा दिन रात लडाइँमा ।

पचास बर्ष पैले हो केटौलेपनमै थिएँ
भक्तपुर स्वयं आई मीत लाएर फर्किएँ
राजकुमार ती वीरनर सिंह उनैसँग
सम्झन्छु मीत लाएर घुमेका ती सबै दिन ।

फर्केर गोरखा राज्य लागें विस्तारमा उतै
साम दान गरी कैले दण्ड भेद चल्यो कतै
कीर्तिपुर नुवाकोट कान्तिपुर हुँदै बढें
ललितपुरको किल्ला तोड्दै पूर्वतिरै हिंडें ।

भक्तपुर भयो कब्जा सजिलै नीति भेदमा
मीत बाबु बने बन्दी राणजित थिए जहाँ
बन्दी भए पनि मैले गरी आदर पूर्वक
सोधैं बुबा हओस् मर्जी पुऱ्याउँछु म सेवक ।

कतैको राज्यको टुक्रा दिउँ कि त अझै पनि
राजै कहलिने इच्छा छँदै छ कि अझै पनि
छलछाम भए होला कतै उद्देश्य प्राप्तिमा
सबै बिर्सिदिनोस् आजै क्षमा रहोस् बुबा ममा ।



रणजित मल्ल -

राजपाठ सबैबाट मुक्ति पाएँ प्रसन्न छु
हलुङ्गो शिर भो आज यौटै माग म राख्दछु
काशीवास गरी सारा बिताऊँ अवका दिन
पूजापाठ गरी बस्दै गरूँ देह विसर्जन ।

सोध्यौ अरू म के मागूँ मीत छोरा तिमीसँग
मिलोस् सफलता तिम्रो आँटेको पूर्ण होस् सब ।

पृथ्वीनारायण शाह-

राजपाठ भनूँ यौटा क्षणिक दण्डभेद हो
नाता मीत बुवाको त्यो चिरस्थायी र पुज्य हो
त्यसैले नरहोस् चिन्ता विश्वास म दिलाउँछु
काशीवास गरी वस्ने व्यवस्था म मिलाउँछु ।

बन्दीलाई अहो ! यस्तो गर्ने अत्यन्त आदर
ती हुन् पृथ्वी उनै हाम्रा सम्झिराख्छौं सधैं भर ।

पाल्पा, हाल : चावहिल, काठमाडौं ।

ä ã

**के तपाईंलाई थाहा छ ?**

**हामी २०७८ र २०७९ को वर्ष पुस्तकमा जुटिसकेका छौं ।**

**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं ।**

**त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

चाबेल, काठमाडौं **९७७-०१-४४९७३५१/९८४११४४५१०**

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# नेता

**कृष्णप्रसाद कोइराला**

नेता हो त्यो जुन मनुजमा स्वार्थ आफ्नो हुँदैन
स्वार्थी इच्छा सकल भुटिंदा लोभले क्यै छुँदैन
देखें नेता वरपर सबै स्वार्थका हुन् पुलिन्दा
सच्चा नेता यस मुलुकमा छैन नै हुन्छ भन्दा ।

देखें मैले यस मुलुकमा धेर वाचाल नेता
बाँड्ने कालो कपट जनमा दाँत देखाइ सेता
भोगें जाँचें सकल मनको शूल खै सम्मिएन
सच्चा नेता यस मुलुकमा खै अझै जन्मिएन ।

देखें नेता फजुल गफले जून तारा खसाल्ने
पालो पाए सुख र सुविधा चुड्किमार्दै पसाल्ने
पालो आयो तर कबुल त्यो खै अझै संझिएन
सच्चा नेता यस मुलुकमा खै अझै जन्मिएन ।

आफू मात्रै बुझकड बनी मान्दछन् लोक मूढ
बोल्छन् फोस्रा जनजन पुगी हो कि झैं बात गूढ
गर्लान् पक्कै भनिकन चुनें घाउ खै सम्मिएन
सच्चा नेता यस मुलुकमा खै अझै जन्मिएन ।

बोल्दा बोली अभिनय गरी देखिने देशभक्त
भ्रष्टाचारी तर मन लिने स्वार्थमा लिप्त चित्त
खोज्दै जाँदा मुलुकभरमा छैन नेतृत्व सच्चा
भन्दा बोली यस बखतमा कत्ति मानिन्न कच्चा ।

सच्चा नेता त्यही हो जुन जनगणको स्वार्थमै स्वार्थ ठान्छ
यौटै माला बनाई सब कुसुम उनी एक अस्तित्व मान्छ
आफ्नो यो जन्मभूमि अनि सब जनमा राख्छ जो शुद्ध भक्ति
त्यस्तो नेतृत्व पाए जन र मुलुकको सप्रला भाग्य शक्ति ।

छन्द : मन्दाक्रान्ता / स्रग्धरा                    मार्कण्डेयपथ, बुटवल ।

ä ã



# नहुनु ननिको

**खगेन्द्र खोल्साघरे**

झरी-पर्दा कोही समय घर-मै ओतिन भनी
कुनै चर्का गर्मीपन नि घरल्यै छेकिन पनि
बनाएको आफ्नै गुँड पनि कठै ! टेक्न नसकी
बनें टाढा आफैं कति म विचरो ! बोल्न नसकी ।

उकाली, ओराली तलतल-तलै उक्लि-न-उँभो
नसक्ता वा सक्ता अलितल-तलै उक्लि-न-उँभो
भयो गाह्रो केही समय निधिमा पौडिन कतै
न सम्झौ ! सम्झें त्यै गुँड र गुँडमै ओतिन त्यतै ।

पुगी भाले पोथी गुँड नजिकमै वास बसिँदा
न सोधी खोजी भो बस-नबसको भो-न सुविधा
सबै आफ्नै छन् ती तर समयले गर्नु न गऱ्यो
भिखारीझैं आफ्नै घर वरपरै मागिनुपऱ्यो ।

छ माझी वा लौरो जब त म नदी तर्दछु भने
म विर्सौं ! लौराको भर अभर क्यै छैन र कुनै
सबै विर्सेछन् ती कठिन दिनका आश्रय अहो !
भुले हुन् ! आफ्नै ती विगत पथका दर्द पनि खै !

थियो आफ्नै प्यारो गुँड र गुँडमै जान पनि पो-
पराईझैं बन्दा दुखित मन भो खै ! किन भयो
दिंदा आधा औंली पछि त डुँडुलै निल्छ जसरी
भने जस्तै पो भो घर वर परै भन्नु कसरी ।

निको मान्छे बन्दा पनि त ननिकै हुन्छ कि कसो
निको बन्नु राम्रो नहुनु कसरी हुन्छ र त्यसो
नराम्रो-मै-राम्रो नहुनु,हुनुमै भो कि ! न त क्यै
यसो भन्दाभन्दै नहुनु ननिको मानिस कतै ।

सोलुखुम्बु, हाल : स्वयंभू, काठमाडौं ।

ä ã

# क्रान्ति

**गङ्गा आचार्य सापकोटा**

क्रान्ति हो प्रगतिको प्रदर्शक
बन्नुपर्दछ सबै समर्थक
क्रान्तिमा मनुजको विवेक होस्
शान्ति पक्ष धरको स्वरूप होस् ।

लोकको हित हुने कुरा गरौं
बोल्दछौं जति कुरा पुरा गरौं
एकता सकलमा भयो भने
मिल्छ नै सफलता जुट्यौं भने ।

चित्तले सब भलो चिताउँदै
भावना हृदयको बगाउँदै
क्रान्तिमा कलमको बगोस् मसी
देखियोस् मुलुकको उँभो गति ।

बन्धुबान्धव सबै खुसी रहून्
मित्रभाव दिलले समेटियून्
खुल्नुपर्छ सबको सचेतना
जुट्न यो मुलुकको विकासमा ।

क्रान्तिमा जन नहून् अराजक
दिव्य सान जगको विनाशक
क्रान्ति शिष्टपनको हुने गरोस्
रक्तपात जनको हुँदै नहोस् ।

छन्द : रथोद्धता बाग्लुङ, हाल : काठमाडौं ।

ä ã

# दयामृत सेचन होस्

**दुर्गा रिजाल 'सुरभि'**

मन पावन होस् मधुतुल्य बनोस्
रिसराग हटोस् दिल कञ्चन होस्
समता ममता मन मन्त्र बनोस्
मनभित्र दयामृत सिञ्चित होस् ।

पद कर्म गरोस् शुभमार्ग हिँडोस्
तर शोषणमा कहिल्यै नबढोस्
हर मानवमा सुख शान्ति मिलोस्
अपमान घृणा रिसराग नहोस् ।

शुभवाक्य फुटोस् मुखधर्म गरोस्
यसजन्म भलो उपकार गरोस्
तन पौरखले भर छाक टरोस्
बरु मर्नु परोस् पर दर्द नहोस् ।

न त चिन्तन भो न त भक्ति भयो
दिन गास कपासमा लम्पट भो
न त कीर्तन भो न त धर्म भयो
सबलाङ्ग जुनी विकलाङ्ग भयो ।

अनमोल जुनी हित गर्न उठोस्
परधर्म निमित्त विचार जुटोस्
ऋण तिर्न सकूँ जननी धरणी
अब सार्थक होस् पल शेष जुनी ।

तन मृत्युमुखी धकलिन्छ कतै
लिन आउँछ रे तब जानु छ है
उपकार गरी जयकार धरी
जुनी अर्थ खुलोस् जगदीश हरि ।

छन्द : तोटक कीर्तिपुर ।

ä ã



# अजब दाङ औ द्यौखुरी

**गङ्गानाथ कोइराला**

छ सिञ्चित धरा बगेर बबई तथा रापती ।
समुन्नत कला समाज अनि सभ्यता संस्कृति ।
फिजाउन छ ज्ञानरश्मि अझ विश्वविद्यालय ।
प्रदेश पनि लुम्बिनी ! अब त दाङ यो धन्य छ ।

छ उर्वर यसै अझै प्रविधिको नयाँ जोश छ ।
विकासपथमा छ अग्रसर योजना ठोस छ ।
अथाह सपना लिएर अझ राजधानी भयो ।
गयो तिमिर जो थियो अब नयाँ बिहानी भयो ।

कतै सुगम पाण्डवेश्वर त्रिशूलले शोभित ।
नयाँ क्षितिज चुम्न उत्सुक कतै छ नाकास्थल ।
बगार अनि अम्बिका अझ कहीं त्रिसिद्धेश्वरी ।
घुमेर नअघाइने अजब दाङ औ द्यौखुरी ।

यहाँ विविध बाहिरी पथिक निम्ति गन्तव्य छन्
र आन्तरिक ता जतातिर गयो उतै मक्ख छन्
पहाड र तराइको मिलन विन्दु यै हो कि झैं
निरन्तर छ अङ्कमाल कसिलो युगौंदेखि नै ।

यहाँ अझ सदाबहार कति गीत-सङ्गीत छन् ।
त्यसै हृदय पग्लिने कति अचम्मका प्रीत छन्
सदा सरल जिन्दगी छ जनको सबै छन् खुसी
लगाम-मनमा लगाउन सके हुने को दुःखी ।

चरा चिरबिराउने र मृगझुण्ड उग्राउने
यही वन-निकुञ्ज छन् नव-उमङ्ग उब्जाउने
पिएर मकरन्द मस्त छ मिलिन्द आराममा
अहा ! प्रकृतिको मनोहर छटा छ यो ठाउँमा

छन्द : पृथ्वी पाल्पा, हालः लमही, दाङ ।

ä ã

# होली

**डा.घनश्याम न्यौपाने 'परिश्रमी'**

पर्व रङ्गको होली आयो
जन-तन, मनलाई रङ्गायो
बन्द रहेका ढोका खोली
आओ साथी ! खेलौँ होली ।

भावहरूको तरल बनाई
तर्कहरूले दिल बहलाई
मनका दुर्गुण कल्मष पोली
आओ साथी ! खेलौँ होली ।

कहिलेकाहीँ मनले रोज्छ
रमाइलो जीवनले खोज्छ
खेल्न कहाँ पाइन्छ र भोलि ?
आओ साथी ! खेलौँ होली ।

विकृति, विसङ्गति सब फालेर
शुद्ध भाव मनमा पालेर
हृदयकेन्द्रको विन्दु छिचोली
आओ साथी ! खेलौँ होली ।

दानवताका बिरूवा मारी
मानवताका बीज उमारी
मित्र भावको मधुरस घोली
आओ साथी ! खेलौँ होली ।

सुन्दर चिन्तन दिलमा हाँसोस्
सोच सबैको मङ्गलमय होस्
मनमा भरियोस् रङको झोली
आओ साथी ! खेलौँ होली ।

सप्तरङ्गले चाड मनाऔँ
मनमन्दिरमा खुसी सजाऔँ
अनुहार बनाऔँ रङ्गोली
आओ साथी! खेलौँ होली ।

छन्द : चौपाई बर्दघाट, नवलपरासी ।

ä ã

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?



# रसिला कहानी

**चन्द्रप्रसाद न्यौपाने**

प्रियसी समीप म छु साथ साथमा
हर कर्ममा प्रगति मार्ग मार्गमा
सुख दुःखका समयमा सधैँभरि
गर प्रश्न उत्तर दिनेछु हे चरी !

जति तृप्ति हुन्छ उति नै छ वासना
छ नि वासना प्रिय सखेसँगै यहाँ
मधुप्रेम 'चन्द्रयुग'मा छ जीवन
जति तृप्ति पाउँछु त्यहीँ छ यो मन ।

जति तृप्ति पाउँछु तिमीसँगै हुँदा
त्यति तृप्त मिल्दछ कहाँ यहाँ छँदा
जय गानमा प्रकृति छन् कलाकृत
तर छैन तृप्ति मनको अलङ्कृत ।

मनभित्र-भित्र रहने प्रचण्डको
जुन तृप्ति मिल्दछ सखी अखण्ड त्यो
न त खण्ड हुन्छ कहिल्यै न बन्द भो
ऋतुप्रेम जो मधुरमा प्रबन्ध हो ।

चुचुरा तिमी शिखरका हिमागिरि
मृदु दृश्य छौ नयनमा सधैँभरि
द्वय स्वच्छ, निर्झर तिमी र ताल म
भर ताल निर्झर झरी टनाटन ।

मधु भावकी प्रिय सखी सुवासिनी
वय जोशकी रसलिला विलासिनी
मृदु माधुरी हृदय मुक्त कामिनी
दिलभित्रकी चुलबुले कला तिमी ।

मृदु कामिनी विपुल काव्यगायिका
गृहिणी उदाहरणयुक्त साधिका
नभ चाँदझैँ चमकको प्रकाशिका
रणभूमिका साथ अहो ! विभीषिका ।

सँगिनी खुलस्त दिलकी कतै तिमी
गतिसाथ कम्पन छ थर्थरी जिमी
भयहीन गर्जन र शक्तिकामिनी
हरकालसाथ कलादायिनी तिमी ।

सुर-ताल छन् अनि कलासँगै कथा
गतिमा छ काव्यकविता तुफान क्या !
सुख धर्म, अर्थसँग काम मोक्ष ती
प्रियसी म वर्णन गरूँ कहाँ कति ।

सुरु धर्म धारण काव्य तत्त्वमा
अनि अर्थ मिल्दछ काम निम्तिमा
तब मोक्ष प्राप्ति सुख शान्तले यहाँ
छ हुने सखी ! विपुलपात्र साथमा ।

जब पञ्चसन्धिसित काव्य खेल्दछ
तब पूर्ण जीवन सदृश्य खुल्दछ
ऋषिले दिए नियम काव्य मार्गमा
छ त्यही अझैतक हरिलो रसामय ।

सुन पञ्चसन्धिसित काव्य खेल्दछ
जब मुक् बन्यो र प्रतिमुक् त गर्भ छ
अवमर्श, भूमि, रण, हो निर्वण
यति पञ्चसन्धिसँग काव्य हुन्छु म ।

छन्द : मञ्जुभाषिणी सिन्धुपाल्चोक ।

ä ã

# चमेली

**जगदीश्वर पोखरेल**

खुलेकी असाध्यै हिमाली धराकी पुजारी उकाली भिराली बनेली गरामा फुलेकी
हितैषी सबैकी हिमानी कुमारी छ लठ्ठै विधाता तिमी छौ कलाले धपक्कै बलेकी
कसैको उपेक्षा नगर्ने खुलेकी लता हौ इमानी शिवाकी सहेली परी हौ धराकी
बखेडा नगर्ने बिलौना नगर्ने कलाकी निसानी सुभाषी मनीषी भरोसा भएकी।

बगैचा गरामा छपक्कै फुलेकी हिमाली धरा झैं तिमी छौ खुलेकी नशाले झुलेकी
तराई पहाडी भिराली र खोल्सा कुनामा रमेकी निरोगी हबेली धरामै रचेकी
हवामा रमायौ गुलाफी र लीली विवेकी सफेदी गुलाबी सफा भै' हमेसा फुलेकी
खपेकी सधैं छन् तुसारो सबैको गलामा सजिन्छ्यौ छ आत्मा सफा झन् त्यसैले रमेकी।

खुसी छौ र फुल्छ्यौ हितैषी सबैकी बनेकी तिमी छौ र मौरी खुसी भै' सबैले चुमेका
छ लाली जवानी धपक्कै बलेकी सराबी नशाझै बनेकी तिमी छौ सबै छन् झुमेका
सिँगार्दै धरा छौ छ माटो उठेकी पहेलो छ सारी असाध्यै खुलेको छ सेतो मजेत्रो
हवामा फुलेकी उषामा झुलेकी परेको छ पानी दुखी छौ र बन्छ्यौ कसैको घुयत्रो।

गुहेली र टाँकी छ प्यारी मुमाकी खुला छौ बसेकी कलाले गरामा तिमी नै सजिन्छ्यौ
सियोले उनेमा नबोली सहन्छ्यौ स्वदेशी विदेशी सबैको गलामा थलामा पुजिन्छ्यौ
तिमी हौ हजारी सितारा जडेको जवानी हिलोमा फुलेकी चिनीमा घुलेकी मृदङ्गी
कलेजी कुनामा र माथा गलामा सजिन्छ्यौ सुधा झैं छ तिम्रो मिलेको असाध्यै छ भङ्गी।

अगस्ती सुवासी कली हौ चुनौती सहन्छ्यौ छ शोभा धरामा सुहायौ र उम्दा तिमी छौ
धराकी पियारी छ हीरा र मोती बनेकी घडामा सजिन्छ्यौ र द्वारे बनेकी सधैं छौ
उषामा निशामा सधैं छौ रमेकी छ सेवा यशस्वी हुनाले बनेकी असाध्यै उजेली
झरी होस् न गर्मी सहन्छ्यौ खुसी भै' फुलेकी वसन्ती कली हौ परी झैं खुलेकी चमेली।

छन्द : वासुकी
हाल : काठमाडौं।

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/



# म हुँ सर्वहारा

**टङ्कराज ढकाल 'तितेपाती'**

गर्दै छ हुक्काँ हरूवा छ गोरू
भन्दै छ क्यारे म कपाल कोरूँ
पञ्चाङ्ग जानैं बिरूवा र अङ्ग
पात्रो म देखें दिनमान ढङ्ग।

गुप्ताङ्ग तातो छ पिसाब फेर्दा
झस्कन्छ आफै अझ कट्टु हेर्दा
न्यानो यता भो चलखेल चल्दा
पाएँ मजा यो रतिराग भर्दा।

जान्दैन खेल्नै जुन वर्ण हाम्रा
ठान्दै छ हाम्रा अविधा नराम्रा
भन्दै छ ऊ नै गलगाँड डाङ्ग्रा
कालो बिरालो त चिथोर्छ नङ्ग्रा।

जोड्दै छ नाता सहकर्म नाङ्गा
तोड्दै छ भ्राता गुदद्वार बुङ्गा
उम्दा उतैछन् धनवान् लफङ्गा
ठान्दै उनैको छ अपान थुङ्गा।

आधार के हो गण के बतायौ
साहित्य मान्ने नवनीति ल्यायौ
कुन छन्द हो यो रचना छपायौ
कस्तो कुराको अभियान चाल्यौ।

पोयो नबाटी कन बन्छ डोरी ?
ढाँटेर मान्छे चकमन्न चोरी
दौडिन्छ चर्को मनको अघोरी
पुग्दै छ टाढा सुनसान ठोरी।

बज्दै नबज्ने नभको सितारा
चोरी चकारी म हुँ सर्वहारा
गल्दै नगल्ने खलको इशारा
रोप्दै छ को हो ? भन ए कमारा।

रम्बास डाली उदका सुसेली
बन्छन् शिकारी खल यी गुलेली
के हो तयारी जब छुट्छ गोली
माटो मिलाई कन खेल्छ होली।

खै राजमार्ग छ कता बताऊ
गल्ली घुमेका मधुरो छ दाउ
पुग्दैन टाढा नव रोग लाऊ
यी लोमकान्ते ल यता नआऊ।

फुर्कन्छ घाँडो सतही चमेरो
रातो छ माटो छ कता कमेरो
बन्दैन घैंटो नकुटेर फेरो
थेग्दैन पानी चुहुने कटेरो।

थोपा सँगाली कन भर्नु गाग्री
कैलाश धायो सुन खोज्न आग्री
चोरेर खाने लुटको कुथुङ्ग्री
भोको खरायो किन डुल्छ लुङ्ग्री।

भुत्ते छ बानी किन सुन्छ राम्रो
झुट्टा कहानी किन लेख्छ दाम्रो
नौलाख तारा न त देख्छ खुम्रो
जान्दैन कानो तब छन्द जुम्रो।

गैंडाकोट, नवलपुर।

ä ã

# न देखुँ सपना

**ठाकुरचन्द्र शर्मा**

न देखूँ सपना भन्छु तर देखिन्छ यो किन ?
निद्रा गाढा न पर्नाले तन्द्रामा उड्छ यो मन
स्वप्ना मीठो सधै देखूँ भन्छ यो मनले तर
देखिन्छ किन स्वप्ना यो डर लाग्दो भयङ्कर ।

जिन्दगी सपना हो या सपना हुन्छ जिन्दगी
सपना नभएमा के बच्न सक्दैन जिन्दगी ?
दिनका दिन उर्लेर वैरिन्छन् सपनाहरू
विश्व यो सपना मात्र विकल्प छैन के अरू ?

राम्रो गौड गरी सोंचे हुन्न स्वप्ना निरर्थक
फल दिन्छ न गै खेर हो यो भविष्य सूचक
भन्नेहरू यहाँ धेरै व्याख्याता पनि छन् तर
सपना सपना नै हो हुँदैन यसको भर ।

देखेपछि दिवास्वप्न चिन्ता के लिनुपर्छ र ?
स्वप्नमा स्वप्नको भित्र विपना पो कहाँ छ र ?
मीठो होस् अथवा तीतो निरन्तर थपिन्छ यो
बांडेरै पनि सिद्धिन्न फ्रायड्को इद औ इगो ।

छन्द : अनुष्टुप — वीपी पथ, भैरहवा ।

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/



# जाग्नुपर्ने छ आज

**ठाकुर शर्मा भण्डारी**

तिम्रो स्वच्छन्द पारा अब सहन कहाँ सक्छ यो सभ्यताले ?
बोलीमा छैन केही जनमत रहने स्वार्थ घुस्ने व्यथाले
आफ्नो संस्कार फाली पछि पछि सब यी लाग्दछन् के सजाइ
चुस्ने छन् है ! जुकाले तनभर छरिई मासिने भो कमाइ ।१।

यस्तो यो तामसीको अधपतन कुरा देख्न को सक्छ ? भन्दै
उठ्नेछन् है ! जता छन् व्यथित 'मनशिला' चोट सारा निखन्दै
बाढीजस्तै हुनेछौ सबतिर मिसिँदा तीव्रता को समेट्छ ?
बर्खे कोलाहलैमा सब गतिमयता साथसाथै लपेट्छ ।२।

आस्था सारा हरायो व्यथित मनसँगै बाँच्न साह्रो बनायौ
स्वार्थी बन्दा स्वकीर्ति-स्थिति अब नभई 'दक्षबोके' बनायौ
खै ! त्यो अस्तित्व हाम्रो विमल मन सुखी छिन्न भिन्नै गरायौ
के सन्चोमा छ मान्छे सुखसँग रहने ? मूढता भित्र ल्यायौ ।३।

तिम्रो भाका छ स्वार्थी, धनतिर गति छन् देश खाने भयौ कि !
पुर्खाले यो सजाए कठिन पथ सही अन्धता त्यो थियो कि !
तिम्रो यो खेल देख्दा तन-मन कुँडियो चेतना नै ! हरायो
मान्छेको रुप देख्छौं भ्रमित सब हुने भावनाले सतायो ।४।

मेरो उम्लिन्छ रातो रगत अब यहाँ दीनता छर्न दिन्न
हुन्छन् साथी सँगै छन्, सहन जति सह्यौं एक छौं है ! अभिन्न
दुष्कर्मी छन् बढार्ने बल छ अति भयो बढ्न दिन्नौं कुराज
जागौं-जागौं छ वेला अब अति नसहौं जाग्नुपर्ने छ आज ।५।

छन्द : स्रग्धरा — काठमाडौं ।

ä ã

# लुम्बिनीदूत आयो

**डिल्लीराज अर्याल**

धेरै धेरै अघि शुरू गरे दूत रोजे बनाए
धेरै धेरै नृप, मुलुकले भेद खोजे बनाए
धेरैधेरै गतिविधि तिनैबाट जाने अह्राए
चल्दै जाँदा जगतभरमै दूत बन्ने गराए।

भाषाभाषी जतिजति बढे दूतका भेल आए
राजा, राष्ट्रप्रमुख,कविमा दूतका खेल आए
आए धेरै लहड, तिनमा मेल, बेमेल आए
धेरैधेरै गतिविधि भए सत्य सन्देश आए।

केहीलाई सहज पगरी 'दूत'को भिर्न लाए
केही आफ्नै लहड गतिले दूतको नाम पाए
मान्छे मात्रै अधिक नरले दूत सोचे बनाए
जानेकाले कपि, पिक तथा मेघ रोजे बनाए।

बढ्दै राम्रा चलन तरिका शिष्ट आचार आयो
डोके ढोके कृषक सबमा काव्यको भाव आयो
जाग्यो भाषा लहर रसिलो भावको खूब आयो
नौला धाचासित अब विना कामको दूत आयो !

यै धर्तीमा कुरूपतिकहाँ दूत भै श्याम आए
'आआफूमै नलड मिल'को सार बोकेर आए
यै माटोमा जनक, पृथिवी, रामका दूत आए
आए नानाविध छवि यहाँ दूत अन्योन्य आए।

बढ्दै जाँदा गतिविधि नयाँ रुप फेरेर आयो
सोचे- हाम्रा कविगुरु नयाँ मेघको दूत आयो
आयो हाम्रै नजिक पिकको दूत शृङ्गार छायो
हेर्दै जाँदा नव कृति लिई 'लुम्बिनीदूत' आयो।

मनोहरवस्ती, काठमाडौं।

ä ã



# बन्छौ तिमी माकुरा

**तिलस्मी प्रभास**

ज्ञानीको करुणा बुझेर जनले मागी लिनू ज्ञान नै
सम्मानै गुरुको गरेर मनले अर्पी दिनू ज्यान नै
विश्वासै नगरी कुदेर पथमा भेटिन्न त्यो टाकुरा
श्रद्धाको जल त्यो छरेर गुरुमा उम्रिन्छ त्यो आँकुरा।

मायाको वसमा परेर बिचरा पौडेर माछा सरी
खेल्दै छन् जलमा डुबेर कसरी होसै उडे झैं गरी
माया हो छल हो भनेर मनले बुझ्दैन साँचो कुरा
झुक्याई यसरी छलेर मनमा भ्रमै हुँदा यी कुरा।

देखिन्छन् भवमा अनेक छलका नाङ्गा उदाङ्गा कुरा
छोपिन्छन् छलछाम ती सहज नै कानूनका माकुरा
आत्माले कसको बुझेर सहजै स्वीकार्छ यस्ता कुरा
गर्छन् तैपनि पाप खै किन यहाँ हानेर आफै छुरा।

के खाने र लगाउने मनमनै सोच्दै गयो जीवन
तृष्णाको उपचारमा जनहरू भौतारिँदै छन् यहाँ
लाखौंलाख जुनी बिते तर यहाँ सोचें र मैले कहाँ
आँखा यो मनको उघार्नु जनले फर्केर हेर्नू यहाँ।

खोला जान्छ बगी निरन्तर यहाँ चोला अडिन्थ्यो र यो
मान्छेले कहिले त बुझ्छ सब यो माया झनै झूट हो
गङ्गाको महिमा सुनी मनहरू थाकेर भागे कता
चोखो ठान्छ कि ऊ डुबेर भवमा खन्दै छ खाल्डो यता।

खोलाका जल ती सुकेर बगरै देखिन्छ सुख्खा नदी
काटेका बुटियान छन् जमिनमा सुक्दै छ माटो झरी
बोकी के कसले गए र पर खै जम्मा गरेका कुरा
अज्ञानी जनले नसोच मनले बन्छौ तिमी माकुरा।

बौद्ध, काठमाडौं।

ä ã

# यथार्थ

**दुर्गा अधिकारी 'भमरकोटे'**

लाखौं मानिस छन् यही शहरमा गर्छन् कुरा ज्ञानका
आफ्नो हात सधै भयो तलतिरै ढोंगी सबै खानका
पोल्टामा थिनले थुपारि अमिलो मीठा कुरा गर्दछन्
सोझा छन् जनता भुलेर गफमा अन्यायमा पर्दछन् ।

पैसाले सबथोक किन्छ कि कसो ? किन्दैन मातापिता
पैसा साधन हो बुझेर मनमा सत्कर्म मात्रै चिता ।
पैसाले सजिलै किनिन्छ खटिया किन्दैन निन्द्रा कवै
यो ब्रह्माण्ड सबै अधीन गरने स्वप्नै थियो यो कतै ।

राम्रा ती युवती र बान्धवहरू तिम्रा थिएनन् यिनै
जे जोड्यौ घरबार सम्पति सबै शत्रु हुनेछन् तिनै
तस्मात् कारणले नराख ममता सन्तोष गर्ने भए
प्राणीको हितमा लगाइ सुमती संसार तर्ने भए ।

रोगैको डरमा बसेर घरमा तिम्रा दुई दम्पती
छोराले पनि साथ दिन्न अब लौ के काम त्यो सम्पत्ति
दुष्टैका मतमा लुटेर जनता आर्ज्यौ करोडौं धन
पेटैमा पटुका कसेर मनुवा रोए अनेकौं जन ।

आम्दानी धनको न चैन मनको धेरै कमायौ अहो !
ब्रह्माण्डै पनि लौ भए अधिनमा छोडेर जाने न हो ?
प्राणीको हितमा लडेर दिनहूँ सत्मार्ग चल्ने गर
कर्मैले अझ झन् रहिन्छ सुखमा मिल्ला खुबै आदर ।
छन्द : शार्दूलविक्रीडित

ä ã



# चलखेल हुने रैछ

**ध्रुवकुमार थापा**

अझै पनि ठूलो चाह त्याग्न सक्ने महानको
छैन ठेगान सुत्ने र पत्तो छैन जहानको
आँसुले नै भिजेको छ सिरानीको कुनातिर
शहीदको कथा उस्तै रगतको मुनातिर ।

दौरा गयो अरू बाटो बिजोक भो सुरालको ?
मठ मन्दिर सबै छन् के अर्थ भो टुँडालको ?
छैन आदर कोहीको खेती मात्र छ स्वार्थको
आरोप लाग्छ बोल्दामा पीडा हुन्छ त व्यर्थको ।

चुपचाप बसेदेखि शोभा बढ्छ सबैतिर
नजर पर्छ दोषीका नेपालको धनैतिर
देश भन्दै हिंडे कोही स्वतन्त्रता दिलाउन
आफ्नो घर समानको नारा बोकी मिलाउन ।

रीति रिवाज नै छेकी ती आधुनिक बन्न रे !
धर्म बेची लुटे पैसा डलर मात्र गन्न रे !
लागिन्छ र उँभो हामी कुनाबाट चिहाउँदा
राम्रो बाटो उता भन्दै रक्सीमात्र पियाउँदा ।

एकै स्वर छ धेरैको देश पूरै डुबाउने
चलखेल हुने रैछ फोहोरमा नुहाउने
कुनै पल खडेरीको माहोलमा हिरा भयो
कमाउ मात्र धन्दा भो लोभिको यो किरा भयो ।
छन्द : अनुष्टुप — चौतारा साँगाचोक, सिन्धुपाल्चोक ।

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

## तरङ्ग

**नरेन्द्रराज पौडेल**

गर्नैपर्ने काम के के रहेछन्,
के के बाँकी, पूर्ण के के भएछन्,
लेखाजोखा जिन्दगीको कसोरी
गर्ने होला, देह खोज्दै छ जोरी ।

यो चै भोली पर्सी यो चै गरौंला
भन्दाभन्दै पछुतोमा परौंला,
भन्ने कैल्यै सुद्धि सद्दे फिरेन
सानो ज्योति चेतनामा छिरेन ।

पाखाबेसी गाइबाच्छा चराई
पौडी खेल्दै कोशीका तीर धाई,
गौडा कान्ला फड्किँदै बाजी मार्ने
खेला हुन्थे कोही जित्ने र हार्ने ।

खोलो तर्दा पारी नै छोडिएका
बाटो हिँड्दा घुम्तीमा मोडिएका,
साथी सङ्गी जिन्दगीका हजार
आई छेक्छन् सम्झनाको सँघार ।

भेट्नै छाड्यो नाकले शुद्ध हावा
टिक्नै गाह्रो, मन खाँदैछ कावा,
टाढा टाढा भैँ भए दिग्दिगन्त
कहाँ भाग्यो जिन्दगीको वसन्त ?
नयाँ बानेश्वर काठमाडौं ।

ä ã

## बिहानी

**पदम दाहाल**

कसैले जुटायो फुटायौ बिहानी
चरी बोल्छ चाँडै सखारै बिहानी
निखारेर निन्द्रा पठायौ कि घाम
सबै जुन तारा फटायौ बिहान ।

छ भाले चराको उरालो बिहानै
परेवी नघुर्दा नखुल्ने बिहानै
नदीको अँगालो दुवै हुन् किनारा
भँगालो नछुट्ने छ मिल्ती विहार ।

खुलाइन् उषाले पखेरो हिमाली
सुनौला छहारी छ छाती तरेली
तपस्या गरेझैं तपस्वी पहाड
छ झुल्को शिरैमा चुमेको मुहार ।

छ स्वर्गीय बस्ती धुरी गाँउ बेंसी
धितो माल यो देश नासो धरौटी
सुगन्धी छ वास्ना वनैमा मनैमा
छ उल्लास आशा उज्यालो तनैमा ।
सङ्खुवासभा, हाल : भक्तपुर ।

ä ã

**के तपाईंले**
**युट्युब र फेसबुकबाट हाम्रो**
**खबरी नेपाल**
**Khabari Nepal का**
**कार्यक्रमहरू हेर्नुभएको छ ?**



## तपस्या

**डा. नारायण निरौला**

तपस्या गर्दै छन् कलियुगमहाँ बालकहरू
कयौं त्याग्छन् खाना फलजल लिई साधकहरू
सधैं सेवा गर्छन् गुरुचरणको पूजन गरी
शिरोधार्य गर्छन् गुरुवचन यो स्वागत गरी ।

तिनै भोका प्यासा प्रहसन भए जीवन बुझी
तिनैको मार्गैमा तन धन तथा जीव छ खुसी ।
खुसी हाँसो चिन्तारहित कति मुस्कान छ यहाँ
अहो यो, सौभाग्य प्रकृति भरमा देख्नु र कहाँ ?

मिठा लाग्छन् जम्मै प्रकृतिपदका यी फलहरू
यही नै भोग्दैछौं नियतिवशमा लौ खुरुखुरु
भनी चिन्ता गर्ने जनसँग बसी उत्तर दिँदै
भनेछन् खाजा खै गमनपछि यात्राभरि लिने ?

मीठो प्यारो लाग्ने अमृतपद त्यागी किन अरू
स्वयंलाई बिर्सी प्रकृतिपद भोग्छन् जनहरू
भनी चिन्ता गर्दै जप-तप-गरी साधकहरू
स्वयंलाई बिर्सी अमृतपद पुग्छन् जनहरू ।

तिनैमध्ये कोही प्रकृति हितको चिन्तन गरी
त्यहीं बस्छन् कोही मनुज भवको मङ्गल गरी
कोही खोज्छन् मुक्ति प्रतिपलमहाँ सागर तरौं
कयौंका छन् इच्छा जनहित हुने कार्य म गरौं ।

चतरा, सुनसरी ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

## सोचेजस्तो भैदिए

**नारायण नेपाल**

एक्लो मान्छे होश गुम् भैगएमा
माफी पाऊँ अन्यथा क्यै भएमा
लिप्सा चाहा जे छ त्यो खोल्छु मैले
आत्माले जो भन्छ त्यो बोल्छु ऐले !
टारीबारी भोगको बार रच्न
गर्थें ताउर् भोक त्यो टार्न बच्न
फोर्थें डल्ला भार त्यो दूर फाल्थें
झिक्रा टिप्तै मस्तले घूर बाल्थें ।

माटो सिम्टी बीज क्यै रोप्न जम्थें
बालीनाली जेजसो हुन्छ रम्थें
खानानाना जुट्तथ्यो एक पारा
घैंटाभित्र कैद झैं जूनतारा ।

दायाँबायाँ रत्ति नै त्यो नगर्ने
माया खोजी गर्दथें लागिपर्ने
द्यौता भाक्थें क्यै न क्यै गर्न देन
कोही पाई बस्तथें जेनतेन ।

स्वाङे बन्दै छेउ लौ सर्न खोज्थें
होला राम्रै बाहु त्यो पर्न खोज्थें
बत्ती निभ्थ्यो हार वा जीत केले
निम्तो दिन्थ्यो रीत औ प्रीत जेले ।
लाग्थें होला फूलको पात बन्दै
सन्नाटामै ज्योत त्यो बाल्न भन्दै
जस्तै होस् त्यो बैजनी रङ्ग देख्थें
देख्थें आफैं लौ त्यसै दङ्ग देख्थें ।

हुन्थ्यो, ओहो, सुर्मयी रात हुन्थ्यो
सोचेजस्तो भैदिए बात हुन्थ्यो !
छन्द : शालिनी काठमाडौं ।
ä ã

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**१. 'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**
२०७० प्रा.डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा.शिवगोपाल रिसाल
२०७२ प्रा.मोहनराज शर्मा
२०७३ प्रा.ठाकुर पराजुली
२०७४ प्रा.दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल

**२. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**
२०७० प्रा. डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
ã



## जन अधिपति

**नारायणप्रसाद न्यौपाने**

कस्तो हो त्यो अधिपति यहाँ देश द्रोही बनेको
कस्तो हो त्यो तन र मन त्यो वास गर्दै बसेको ।
धावा बोल्ने जन समुहको दोषलाई जनाई
चर्को नारा गरिकन यहाँ राग पोख्ने जमाई ।

दानापानी लिइकन सधैं देश अर्को गुहार्ने
भाषा आफ्नो नभनिकन त्यो रोष मात्रै उघार्ने ।
त्यस्ता पापी अधिपति यहाँ दण्ड गर्ने गराऊ
मातृभूमी जनक जननी मोहलाई बुझाऊ ।

को हो आफ्नो नबुझिकन त्यो दोष त्यही बुझाई
जाली बन्दै नगर भरमा राज गर्ने समाई ।
त्यस्ता हाम्रा अधिपति यहाँबाट बाटो कटाऊ ।
राष्ट्रद्रोही भनिकन सधैं देशबाटै हटाऊ ।

कस्तो हो त्यो नियम पनि त्यो भेदकारी हटाऊ
राष्ट्रप्रेमी जनसमुहको हात यौटा बनाऊ ।
सीमा पारी अब त जन हो बार बाँध्नै लगाऊ
जाली दम्भी नरपशु सबै खेद गर्दै भगाऊ ।

आफ्नो माटो घर भनि सधैं मोह गर्ने बनाऊ
देशी भारू जन अधिपती छान्नबाटै बचाऊ ।
आमाजस्तै बनिकन यहाँ मोह गर्ने समाऊ
राष्ट्रद्रोही यदि छ त भने देशबाटै हटाऊ ।

माली बन्ने रहर यदि हो सिर्जना त्यो खुलाऊ
जाली दम्भी मन छ कि कुनै खोज्नलाई लगाऊ ।
राष्ट्रप्रेमी मनहरु भई देश हाक्नै लगाऊ
राष्ट्रद्रोही यदि छ त कतै खोज गर्दै भगाऊ ।
छन्द : मन्दाक्रान्ता सुनवल : हाल, बुढानीलकण्ठ, काठमाडौं ।
ä ã

# होली महिमा

परशुराम पराशर

आयो होली रङबिरङका लोला लिई हातमा
ल्याई थेरै रम र रमिता रङ्गीन भै साथमा
रातोनीलो चहक रङले खेल्ने छ होली अरे
धुस्रे फुस्रे युगल मनको डुल्ने छ टोली भरे ।

पानी छ्याप्छन् रहर मनले ताकेर मान्छेतिर
लालाबाला युवक-युवती रम्छन् भिजाई शिर
हान्छन् लोला खलबल गरी हाँस्छन् जितेझैं गरी
होली भन्दै हुल युवकको डुल्छन् नचिन्ने बनी ।

चर्को बोली चुलबुल गरी बोल्छन् अनेकौं कुरा
पानी छ्याप्छन् पछिपछि गई चिन्नै नमिल्ने भुरा
फर्की हेर्छन् अलिक अडिई फर्कन्छ झैं चालले
भाग्छन् हाँस्दै परपर भुरा बाजी जिते तालले ।

खेल्ने खेल्छन् युवक वयमा गम्छन् सुनौला घडी
पिच्कारीले रङ भुवनको टिप्ला भनेझैं गरी
इन्द्रेणीका रङ जति सबै लिन्छन् फकाईकन
दल्छन् छ्याप्छन् मन खुस गरी साथी सँगी तत्क्षण ।

राता काला रङबिरङका बेग्लै बनेका युवा
पालैपालो डुलफिर गरी खेल्दै हिँडेका हुँदा
यस्तो राम्रो मन हरणको हेर्दै छु नौलो छटा
एक्लै एक्लै अमित रसमा डुब्दै छु लेख्दै म ता ।

छन्द : हारिणी
काठमाडौं ।

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



# एकताको प्रमाण

पुरुषोत्तम सिग्देल

मान्छे सिङ्गो वरद रचना भौतिकी पञ्चतत्त्व
तानाबाना अवयव मिली प्राण साँधेर घट्ट
बेग्ला-बेग्लै अलग गरिए अड्न सक्दैन प्राण
धर्तीमा नै अनुपम छ यो एकताको प्रमाण ।

पृथ्वी हाम्री प्रकृति सृजना एकताकी प्रतीक
माटोढुङ्गो, जल, नभ नभै लिन्न आकार ठिक्क
थोपा-रेसा अणु-अणु जमी स्थूल शोभायमान
साझा वासस्थल सुखद हो एकताको प्रमाण ।

लाखौं घुम्छन् ग्रहगणहरू कक्ष आफ्नै छ काज
भिन्नाभिन्नै भ्रमणगति छन् गोल ब्रह्माण्ड माझ
बाधा हुन्नन् रड-घस न वा हुन्न कैल्यै प्रयाण
शिक्षा-दीक्षा क्रम नियम हो एकताको प्रमाण ।

कर्मी कीरो सरल कमिलो हेर ताँती मिलेको
मौरी बोक्छन् मुख-रस चुसी घार भर्छन् निलेको
भोग्ने साझा मति छ तिनको बुद्धिमा श्रेष्ठ मान
साना कीरासरह पनि खै ! एकताको प्रमाण ।

प्राणी हिंसारत जति हुनन् सृष्टिसङ्ख्या कमी छ
मिल्ने सारा कृति छ तिनको झन् बढेको बढ्यै छ
छुद्री मान्छे नबन अब है ! फाली द्यौ गर्व मान
सुद्दी फर्कोस् पशुसित सिकौं एकताको प्रमाण ।

तेरो-मेरो लड-भिड गरी छिद्र आपस्त पर्ला
खेल्ला बैरी तँ-तँ र म-ममा फूटले राज गर्ला
धर्ती साझा नृपति 'पृथिवी' आर्जिए देश जान
गुम्ला हामी वरपर भए एकताको प्रमाण ।

धुम्बाराही, काठमाडौं ।

ä ã

## सब बुद्ध बनून्

**प्रह्लाद भट्टराई 'पहरेदार'**

रिपु साँध घुसेर चिमोट्छ यहाँ
अनि कोमल कण्ठ निमोठ्छ यहाँ
तर सोच्तछ शान्त बनेर बसोस्
सब बुद्ध बनून् मन क्रुद्ध नहोस्।

सब भोग्दछ देश बिझाइँ खति
उसकै किन चल्छ रजाइँ यति
अनि भन्दछ घाउ सहेर बसोस्
सब बुद्ध बनून् मन क्रुद्ध नहोस्।

सय कर्तुत रच्तछ ज्यान हरौं
अनि शान्त बसेर म ध्यान गरौं ?
नित सोच्तछ ऊ रगताम्य बनोस्
सब बुद्ध बनून् मन क्रुद्ध नहोस्।

उसकै अनुसार चलाउँछ रे !
निहुँ खोज्छ अनेक गलाउँछ रे !
उसको तर चाह छ चुप्प बसोस्
सब बुद्ध बनून् मन क्रुद्ध नहोस्।

छन्द : तोटक

ä ã

## स्वप्नदोष

**आर मानन्धर**

सपना हो संसार समग्रै
सपनामै बाँच्छौं हामी
सपनामा हाँस्छौं खेल्छौं
सपनामै रून्छौं हामी।

सपना हामी बुन्छौं आफै
तर त्यो कसरी पाउनु म ?
आफै सपना नमिठो बुन्ने
कत्ति अभागी निमुखा म !

के थाहा कहिले कति हाँस्छु
हाँस्छु तरै पनि किन हाँ म ?
मेरो 'मै' पनि हैन कि मेरो
यसमै पनि अनभिज्ञ छु म।

सपनामै आनन्द म लिन्छु
सपनामै लट्ठिन्छु पनि
सपनाबाट फर्किन्छु जसै
स्खलित म त्यसै हुन्छु अनि।

छन्द : मात्रिक यराहिटी, काठमाडौं।

ä ã

http://www.nepalipublisher.com

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**



## राम्रो म

**डा. बमबहादुर जिताली**

आफ्नो खेत हराभरा रहरमा जागोस् नयाँ जाँगर
अर्काको नव जीवनी कहरमा बन्दै गरोस् जर्जर
आफ्नै मात्र भलो, हुनेछ कसरी भन्ने र सोच्ने गरूँ
अर्काको कुभलो गरेर दिनहुँ भारी भकारी भरूँ।

भासिन्छन् करले गरीब जनता, नेता उँभो सर्दछन्
आफ्नै पौरखमा विकास-मुरली फुक्ने उँधो झर्दछन्
नेपाली गरिमा गिरे पनि उठी आफू बनूँ उत्तम
खुर्पाका बिँडमा जुहार जडिने बेला छ सर्वोत्तम।

चोखो मानवता जतातिर परोस् अन्याय पोस्ने गरूँ
लेखी, बोल्नु र बाँच्नुको हक सधैं मेटेर पुछ्ने गरूँ
अत्याचार भयो भनेर जहिले सन्तोष मान्दै गरूँ
भ्रष्टाचार सबै यथास्थिति रहोस् भन्ने इरादा धरूँ।

नेपाली अनुहारमा गहकिलो विश्वास मार्दै गरुँ
नेपाली इतिहासको चहकिलो आकाश झार्दै गरुँ
नाताका जति छन् पुगून् शिखरमा दायाँ र बायाँ हुँदै
नेपाली विपना बितोस् कहरमा बेहाल बन्दै रूँदै।

कोकोले कति तान्त सक्छ उति नै तानूँ म गोडा तल
कैल्ये झर्छ र खान मिल्दछ भनी झिक्ने गरूँ अक्कल
नेपाली-पनको जरो पनि खनी तानी रहूँ तन्तनी
चाम्रो चाल चली-चली सदनमा नारा उरालूँ पनि।

चक्का जाम र बन्द छन् सडकमा आगो फुकूँ दन्दनी
फोर्दै झ्याल विनाशको मति लिऊँ चर्चा चलोस् सन्सनी
कोरोना जनमा हुँदा पनि धनी बन्ने इरादा धरी
मौकामा पहिले गरूँ चकचकी राम्रो म बन्ने गरी।

रानीवन, काठमाडौं।

ä ã

# मन

**बुनू लामिछाने**

अङ्ग उपाङ्ग अनेक थरी तनभित्र र बाहिर छन् छन ता
एक अनङ्ग छ त्यो मन नै, अति सुन्दर उर्वर ठान्छु म ता
स्रोत अतुल्य मनोबलको जब देख्दछु जीवनभित्र गढी
लाग्छ अचम्म निकै कसिला गुण गौरव, रौरवसम्म पढी ।

लाग्दछ नित्य सशक्त छ यो सब इन्द्रियशक्ति खटाउनमा
दक्ष छ जो गहिरा गहिरा अनमोल रहस्य अटाउनमा
स्थूल बनी अनि सूक्ष्म बनी कति कार्य र कारणका क्षणमा
कल्प विकल्प मथेर नयाँ परिणाम दिने मन जीवनमा ।

स्वान्त सुखाय गमेर कतै परमार्थ हितार्थ रमेर कतै
उड्दछ गुड्दछ फुर्फुरिँदै यति मात्र नभैकन फेरि कतै
स्वार्थनिमित्त गिरेर कतै अनि लोभ र मोह भिरेर कतै
पुग्छ रसातलभित्र रूँदै पछुताउँछ दिक्क भएर कतै ।

यै मनका पनले भवमा कति ईश्वर छन् कति दानव छन्
भाव अभाव जितेर सधैं कति मानव औ अतिमानव छन्
आश्रय जीवनदायक यै मन मन्दिरदेखि रसातलको
यै झुपडी घरबार कतै दरबार कतै यस भूतलको ।

लाग्दछ जीवित तत्त्व छ झैं तर आकृति देख्दिनँ भेट्दिनँ खै ?
चक्षु अशक्त छ खोज्न अहो ! कुन दर्शकयन्त्र नियाल्छ सबै
ठान्छु विशेष विमान लिई मनलोक छिचोल्न सकिन्छ कि झैं
अन्य सबै ग्रह छन् जसरी, छ कि यो मनको स्थल छैन कतै ?

छन्द : मदिरा — घोराही, दाङ ।

ä ã



# आत्मा हो कविता

**भगवती अर्याल पाण्डे**

आत्मा हो कविता भिजेर यसमै रम्ने बनोस् जीवनी
सारा चिन्तन भेटिने गहनका साहित्य सञ्जीवनी
जस्ता दर्द हऊन् पिएर कविता मुस्काउँदै आउँछे
तीर्खा भोकसमेत मेट्न सजिलै ती शब्द सम्झाउँछे ।

धर्तीमा कविता नवीन जिउलो मानी सधैं डाक्दछे
चोखो सिर्जन शक्ति हुन्छ उसमा संसार नै ढाक्दछे
आमा हुन् कविता मुहार यसमै फोटोसरी देख्दछु
बाबा झैं कविता सुसार घरका गर्दै हुने भेट्दछु ।

हाम्रा पर्वहरू बनेर कविता विन्ती गरें आउनू
पोखी सुन्दर भावना हृदयका फोहोर पन्छाउनू
भान्सा हो कविता पकाउन सके मेटिन्छ तृष्णा पनि
खेती झैं कविता लगाउन सके खाली हुदैनन् जिमी ।

तिम्रै साथ लिएर आज कविता भाँडा चुलो गर्नु छ
ऊर्जा शक्ति बनेर फेरि ननिका गाँठाहरू फोर्नु छ
भोको पेट सहेर रम्छु भवमा रोजेर मेरै घर
ठूलो सङ्कट नास्नुपर्छ कविता फैलेर चारैतिर ।

बोली सत्य बनाउने प्रकृति हुन् बाली हुँदैनन् झुट
उत्सर्गी पथमा घुमेर कविता बन्छिन् सदा सेवक
उड्दै छन् चिडिया बनेर कविता धर्ती सजाए कति !
आए उच्च बनेर एक कविता, बन्दैन वासी रती ।

चितवन ।

ä ã

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# होली र जीवन

भागवत आचार्य

अनेकौं रङ्गले रङ्गी छ यो मानव जीवन
रङ्गका पुञ्ज फक्रिन्छन् जब खुल्दछ यो मन ।

मनमा फुल्दछन् शान्ति त्यहीं आनन्दको घर
सुख समृद्धिका निम्ति जिन्दगी यो फुलोस् तर ।

सत्य सङ्कल्प हो एक रङ्ग जीवन फुल्नमा
बाह्य अन्तरका सारा उज्याला दीप खुल्नमा ।

प्रेमको रङ्ग हो मूल ममत्व हार्द सिञ्चित
यही वर्तनले मेरो जिन्दगी छ परिष्कृत ।

बाँडे बढ्छ अझै माया, करुणा फूल फुल्दछ
त्यही फूल सँगालेर जिन्दगी दिव्य खुल्दछ ।

सेवा सहिष्णुता सारा सकारात्मक भाव यी
होलीको रङ्गले भन्छ उज्यालो छर्नुहोस् कवि ।

खुसीका रङ्ग छर्दामा हुन्छ दुःख तिरोहण
फुटेमा खुसीको मूल यही जीवनको धन ।

प्रसन्न बीज जो एक रोपे हजार फुल्दछ
सृष्टि रहस्य यो नित्य यही ईश्वर बोल्दछ ।

उज्यालो छर्छ जो मान्छे पायो दिव्य अनेक ती
बुझ्नुछ अन्ध छर्नेले दिव्य मानवको गति ।

काठमाडौं ।



# दहचोक

भुवनहरि सिग्देल

चम्केको दहचोक शीर्ष उभिई हेर्दै छु देख्दै छु म
पूर्वी हैम र पश्चिमी क्षितिजको कस्तो चमत्कार हैं ?
तल्लो खाडलभूमि कान्तिपुरको बर्को तुवाँलो भिरी
हेर्छन् आपसमा मुखामुख गरी आश्चर्य मानेसरि ।

सम्मोही दहचोकको सुरचना होचो न अग्लो धरा
पर्दा गौतम श्राप इन्द्र पहिले गर्थे तपस्या बरा
श्री इन्द्रेश्वर धाम दक्षिण दिशा भस्मावती सङ्गम
यो धन्वन्तरि सृष्टिझैं छ नभए झर्थे र द्यौतागण ?

के हेर्ने पर गोरखा कि हरियो पाताल तल्लो वन
यो भूस्वर्ग कि पापमोचन हुने दृश्यावली कानन
गौरीशङ्करका हिमाल चुचुरा सर्वाङ्ग चन्द्रागिरि
हेर्नोस् सज्जनवृन्द आपस मिली सानो उकालो चढी ।

रातै फुल्छ गुराँस काफल कतै चुत्रो मलो धाइरो
उन्मादी दहचोकका उपज हुन् कल्की धुपी काँइयो
मेला लाग्दछ पर्व इन्द्रदहको पानी हुँदा पावन
हर्षोल्लास गरिन्छ नाच रमिता पूजा र आराधना ।

पृथ्वी शाह यतै बसे अडिग भै नेपाल निर्माणमा
किल्ला छन् अवशेष सार्थक गढी माता मनोकामना
पाण्डे कालु समाधि यी सहिद हुन् हेर्नोस् गरी चिन्तन
नाना दुःख गरेर खोज्नु किन ए राधा र वृन्दावन !

छन्द : शार्दूलविक्रीडित — सानेपा, ललितपुर ।

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/

# बाबा

**मञ्जु मञ्जुभाषिणी**

बाबा साँझ दिवा खटेर निशिमा मुस्कान नै झर्दछन्
आफ्ना सन्ततिको सदा हृदयमा हाँसोखुसी भर्दछन्
काँडा बिझ्छ अनेक बार पथमा हेर्दै हिंडे तापनि
पीडा लाख सहे तथापि मन यो भन्दैन ऐया भनी।

बाबाको मन प्रेमपुञ्ज जगमा सन्तानका खातिर
बाबानिम्ति कुनै हुँदैन प्रिय ता सन्तान झैं आखिर
बाबाका अनुहारमा गगनका छन् जून तारा सबै
आस्थाको मनमा धरोहर बनी बाबा बसेका सधैं।

बोकी पर्वत कष्टको हरघडी बाँड्छन् सबैमा सुख
सोच्छन् सन्ततिले भुलेर कहिल्यै देख्नै नपाऊन् दुख
माझी झैं जगमा सदा रहरले तार्छन् यहाँ सन्तति
आफू वारि बसेर नै हरपला हेर्छन् यहाँ उन्नति।

हार्दैनन् दुखमा कदापि मनले चट्टान झैं अड्दछन्
सारा सन्ततिको भविष्य पथले हाँसेर ती बढ्दछन्
आशा हुन् भर हुन् सबै नयनका हुन् लक्ष्यका वाहक
बाबा सिर्जनमूल हुन् सकलका सच्चा सफा साधक।

वर्षा घाम पहाड शैल भवमा आकाश खोला यहाँ
जे जे छन् जगमा विशाल सबमा बाबा सधैं छन् यहाँ
बाबाको अनुहार टक्क अडिने संसारको प्यारमा
बाबाको महिमा सकिन्न कहिल्यै गाएर संसारमा।
छन्द : शार्दूलविक्रीडित

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



# बुढ्यौली कविता

**महादेव अधिकारी**

मेरो देह थियो कुनै समयमा फक्रेर फुल्दो पनि
इच्छा चाह थिए करोड सपना बाँचेर भोग्ने भनी
बारी खेत किनेर आलय बने छोरा र छोरी भए
आफू जोखिममा परेर तिनको माया गरें सञ्चय।

स्वास्थानी व्रत बस्न माघ पुसको जाडो खपेकी थिएँ
बन्थें हर्षित धेर वंश कुलको विस्तार झन् लम्बिए
पढ्थें वेद पुराण यज्ञ जहिले पूजा हुने तालिका
हे देवी मनकामना सब कुरा पूरा गरून् कालिका।

धेरै दौलत जोड्न स्वर्ण गहना सङ्कल्प यस्तै थिए
ऐले जर्जर देह यो हुन गयो नाता सबै टाढिए
छोरा पुत्र वधू लिएर सँगमा नौला बिराना भए
छोरी ज्वाइँसँगै रमाउन पुगे माता कहाँ सम्झिए ?

आगो फुक्न कहाँ मिल्यो र अहिले जाडो बढेको कति
यो ओछ्यान दिसापिसाबसँगमा रोए विनासन्तति
इच्छा मर्न भयो म बाँच्नु कसरी यस्तो तुषारो खपी
मेरा ईश्वर रामकृष्ण हरि ओम् भन्दै छु माला जपी।

गोडा चाल्न सकिन्न आज घरमा बन्दी भयो जीवन
ओढ्ने ओढ्न सकिन्न तागतविना भेटिन्न आफ्नो पन
खाना खान सकिन्न हात नचले बाँच्दैछु पर्दै थला
वाणी बोल्न सकिन्न रुन्छु मनमा खुल्दैन मेरो गला।

मेरो काल छिटो म डाक्छु तर खै डाकेर आउन्न त्यो
चिम्लू लोचन भन्छु भित्र मनले चाहेर पाउन्न त्यो
तिर्खा लाग्छ दिनेर अम्बु कसले चल्नै नसक्ने छु म
सुत्ने रातभरी रुँदै पलङमा उठ्नै नसक्ने छु म।

बूढानीलकण्ठ काठमाडौं।

ä ã

# विकास पथमा खेती बढाएपछि

**डा. मेघराज ढकाल**

के हो भन्छ ? सुनौं विकास मनले हो यक्ष प्रश्नै बुझौं
यस्को उत्तरमा खुलस्त मनले सोचेर ऐले गुनौं
क्वै भन्छन् मनमा विकास अहिले बाटो भए हुन्छ रे !
क्वै भन्छन् अभिशाप भो मुलुकमा लच्किन्छ बस्ती हरे !

ढाँचा क्लिष्ट बने विकास घरमा रूपान्तरैका कला
बुझ्दैनन् त यहाँ निराश जनता पर्दै गए झन् थला
सिक्दै छन् सबले समाज घरमा विश्रिङ्खलाका कथा
बढ्दै छन् अझ लौ त भ्रष्ट अगुवा छौंडा डुलेका कथा ।

के लेखौं कविता बुझिन्न दिलले पुर्खाहरूको छवि
सक्दैनौं अहिले त खोज गरनै लेख्नै बसे नि कवि
खेतीयोग्य जमीनमा त फसलै रुखो भए वासमा
साँच्थे रे उपयोग जङ्गल सदा पानी दिने आशमा ।

गर्थे कर्म-कला किसान जनले बाँझो भए पाप रे !
चर्को दर्शन थ्यो सुअर्थ यसको आत्माभिमानी छ रे !
भन्ने सार थियो किसान सबमा निश्चिन्त बन्थे सदा
आफ्नो कर्मकला गरेर दुनिया पुज्थे नदी नर्मदा ।

झुल्थे रे ! सपना त खेतहरुमा बाला सुनौला अति
गर्थे रे ! सब लौ किसान जनले त्यो अर्मपर्मै कति
यस्तैमा हुन गो त युद्ध घरमा सम्पन्नतामा खति
गिर्दो साख भयो कठै ! हृदयमा उर्लिन्छ पीडा अति ।

लागे दिक्क कठै ! स्वदेश घर यो रोज्छन् विदेशी पनि
चढ्छन् गाउँघरै हिमाल-चुचुरा हेर्छन् त नौला भनी
खिच्ने चित्रकला सिकेर छरितो सम्पन्नका देशले
राम्रा वस्तु लगे ? चुनेर अहिले, रोक्ने सिकौं दक्षले ।



हाम्रो दर्शन यो बुझेर गतिलो मानेर पाश्चत्यले
काढे ऱ्याल सदा त पाप मनमा गर्दै त प्रपञ्चले
ताने बौद्धिक जो बुझक्कड थिए उन्का हितैमा सरे
बाङ्गो जाल बुने, बुनिन्छ ढणिया माछा मरेझैं मरे ।

बस्दैनन् परिचारिका यदि भने के गर्छ खै डाक्टर ?
हट्ला रोग कहाँ कता मुलुकमा के हुन्छ खै मत्थर
सारा वैभव छन् मुलुक घरमा बौद्धिक ज्ञाता झरे
यस्तो चाल भयो इमान हरियो घातीहरू पो बढे ।

चिल्ला दर्शनले त पेट भरिने हुन्थ्यो भने देशमा
गर्थे दुःख कठै ! त विश्वजनले चिन्ता लिँदै रातमा
नक्शा कोर्न परो सुलक्ष्य पहिले तोकेर नीतिज्ञले
लाग्ला राष्ट्र उँभो विकास घरमा, बन्दैन यो चालले

गर्ने उद्यम लौ परिश्रम अझै छन् सिर्जनाका कला
हाम्रो रूपकला अमूल्य धनवान् यो राष्ट्रका नुन्थला
खोजौं झिक्न सिकौं अमूल्य गहना जो खात छन् गर्भमा
यस्तो स्वर्ग धरा पवित्र लहरा छाडेर नाच्छौ कहाँ ?

पर्दा दुःख कठै ! विदेश घरमा सम्झिन्छ आफ्नो थलो
फर्किन्छन् सब जो अवश्य सबले ताप्नेछ न्यानो भलो
बुझें खान्छ चिसो पवित्र जल यो फर्केर आए सधैं ।
सुत्ने हो सब लौ उठौं, अब भने उद्योग चल्छन् यतै ।

बाटो मात्र यहाँ विकास नभनौं शिक्षा र स्वास्थ्यै अरू
रोजौं केबुलकार बन्छ छरितो थामिन्छ पैरा अरू
उर्जाको बलमा चले सडकमा रोकिन्छ धूवाँजति
लाग्ला राष्ट्र उँभो विकास पथमा खेती बढाएपछि ।
छन्द : शार्दूलविक्रीडित

**के तपाईंले हाम्रो चिकित्सा शब्दसागर हेर्नुभएको छ ?**

# स्वदेश चिन्तन

**रमेश भट्टराई 'सहृदयी'**

लिएर नाम ईशको म लक्ष्य टेक्न निस्किएँ
कमाउने रमाउने अभीष्टले म पिल्सिएँ
डुबें डुबें म पीरमा गमेर गाउँ, सम्पदा
उमेर ढल्किई यता भएर वृद्ध फर्कंदा ।

स्वदेश रुन्छ आशमा म थाम्छु आँसु बेसरी
र मातृ वेदना चुँडी म शान्त हुन्छु के गरी
अठोट भो र फर्कने सुरम्य देश माधुरी
र खेत सिर्जना हरी म भोक मेट्नु के गरी ?

खपेर यातना अझै म दास बन्न सक्दिनँ
हरेर प्राण जीवनी म लास बन्न सक्दिनँ
विकास जादु हुन्न हो नवीन सोच लोकमा
छ ओखती बुटा-बुटा स्वदेश रुन्न रोगमा ।

बनाउने सजाउने कला उनेर राज्यमा
युवा जुटे सबै उठे नबन्ने के छ देशमा
विकास नाम रट्दछन् र नीति लाग्छ सुन्दर
उता लुछे लुछे यता लुछाचुँडी छ जर्जर ।

म भाग्य कोर्छु भूमिमा छरेर सीप सिर्जना
भरेर पाहुना यहाँ म द्रव्य साट्छु देशमा
समेट्न लिम्पिया अरू सबै समेट्न देशमा
र चन्द्र सूर्य सान हो छ स्वाभिमान बेसमा ।

फुङलिङ-२, ताप्लेजुङ ।

ä ã

**http://www.nepalipublisher.com**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**



# भारा तिरूँ के गरी ?

**रश्मि भट्ट**

आमाको ममता भुलेर कहिले कल्ले कहाँ सक्छ र ?
धर्तीमा समता भए सब कुरा मान्छे यहाँ रुन्छ र ?
आमा हुन् जननी महान धरणी सर्वोच्च सुन्दरी
पाएँ प्यार जहाँ अगाध दिलमा भारा तिरूँ के गरी ?

आमाले पनि ता चुमेर धरती यो जन्म दिन्छिन् अरे !
धर्तीको महिमा वयान कसरी को गर्न सक्ला हरे ?
हिंसा आज जता तता मुलुकमा रोयौ तिमी धर्धरी
हेरी राख्न कठै सकिन्न पनि खै, भारा तिरूँ के गरी ?

बाढी यो पहिरो छ दुःख गहिरो हट्नेछ कैले कव ?
खाली ध्वंस गरी रहेछ यसरी हामी जुटौं है सब
आफ्नो देश सधैं रुँदा धरधरी हाँसू म खै के गरी ?
नासी पीर सबै र देश भरको, भारा तिरूँ के गरी ?

मैले मोहर यो सुका दिन सकी के देश बन्ला र है ?
दिन्छन् राष्ट्र धनी सके जति सबै काँ जान्छ काँ जान्छ खै ?
मेरो देश बनोस् भनेर जप यो गर्दै छु आत्मा भरी
राखें प्रीत कठै सचित्र मुटुमा भारा तिरूँ के गरी ?

यस्ती यो धरती असङ्ख्य गुणकी निःस्वार्थकी स्वामिनी
आमा हुन् जगकी महा समरकी खानी तथा यामिनी
सम्झी रुन्छु यहाँ बसेर जहिले सुन्दैन रे यो हरि
पाएँ बाँच्न जहाँ र बाँच्नु छ अझै भारा तिरूँ के गरी ?
छन्द : शार्दूलविक्रीडित

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**

# परदेशको मोह

**राजेन्द्रकुमार बज्राचार्य**

कस्तो छ भन्ने जब जिन्दगीको यात्रा यहाँको परदेश भित्रै पीडा कतै दुःख कतै मलेको
जस्तो छ चिन्ता सब भावनाको मात्रा यहाँको परिवेश भित्रै खप्नै परे खप्नु सधैं बलेको
सोचाइ कस्तो सब मानिसै ती भिन्नै छ ओहो तर देश भित्रै कानूनको नीति प्रथा चलेको
उच्चै छ माथै जब साधनाको व्यापार जस्तो भर देशभित्रै राख्नै छ ती हेर व्यथा छलेको।

भो कर्म ठूलो अब पालनाको ज्ञानै जहाँको सब नीतिभित्रै चल्दा सबै हेर यहाँ मिलेको
शास्त्रै छ ठूलो जब देशको त्यो प्राणैजसै भो जब पालनाको हेर्दै यहाँ धेर मनै जलेको
भूस्वर्ग झै त्यो सुख साधनको कस्तो रहे ती जब मोह जालै यात्रा कतै लोभ फलै फलेको
चाहन्न कोही जब फर्कनमा मोहै कहाँको परदेश बासै कस्तो सबै भुल्न मनै ढलेको।

आहा सबै ती जनता खुश छन् संसारका ती जनताहरू नै यात्रा गरी हेर बने प्रवासी
ती ठाउँ जानै सब गर्व गर्छन् ठूला बने ती जनता सधैं नै भूगोलमा धेर बने निवासी
त्यो होडबाजी जब चल्छ धेरै संसारका ती,जनताहरू नै पुग्छन् कतै विश्व यहाँ घुमेर
त्यो जिन्दगीको मह चाट्छ धेरै चाकाहरूका सम भावनामा तर्छन् रही ती शिखरै चुमेर।

मान्छेहरूका त प्रयास जारी यात्रा अनेकौं जग सागरैमा चढ्दै उँभो हेर न कन्दरामा
शिक्षा अनेकौं नव ज्ञान भारी पाएर कस्तो नभ जाँगरैमा भर्दै जहाँ ज्ञान सबै धरामा
संसार खानी सब ज्ञानजानी मान्छेहरूका मनमा रहेका विज्ञान ती हेर सबै मिलेका
गर्दै रहे ती अब बास नानी चन्द्रै छ लोकै अबका घडीमा रातो ग्रहै मङ्गल ती भुलेका।

ä ã

गीत, गजल,
म्युजिक भिडियो,
विवाह, कार्यक्रम आदिको लागि
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812



# वीर योद्धाको सम्मानमा

**रोहिणी रसिक**

नेपाली वीर योद्धा थरथर कसरी काप्न सक्लान् डराई
काप्नेको हार पक्कै तर महसुरले जित्न सक्छन् लडाइँ
जस्तै हुन् शत्रु सेना तर पनि कहिलै भाग्न जान्दै नजान्ने
गोर्खालीको निसानी रगत र पसिना हुन्छ झुक्नै नमान्ने।

हारेको छैन हाम्रो रगत विगतमा दास बन्दै गुलाम
खाएको छैन धोखा अमर सहिदका पाखुरीले धरामा
आफ्नै औजार लाग्ने धनुष र खुकुरी तोप गोलाविरूद्ध
हान्ने नेपाल सेना सकल जगतमा वीरले छन् प्रसिद्ध।

वैरीलाई समाई सबल मुसलले युद्धमा हार ख्वाई
खेद्ने हाम्रा हजारौं अजर अमरका दीर्घ ती स्वप्नलाई
टिष्टाले स्नेह गर्ने सतलजसँगको काँगडा मन्द-मन्द
छर्दै छन् मृत्तिकामा अनुपम मनमा वीरताको सुगन्ध।

टिप्दै टुक्रा अनेकौं थुम गिरि चुचुरा देश ठूलो बनाई
सिङ्गो नेपाल लेख्ने रहर हृदयको लेखनीमा सजाई
जाडो गर्मी तुषारो विपदसँगसँगै गर्जिने वीरलाई
नासो छोडेर जाने अमर सहिदका पाखुरीमा बधाई।

आमाको काख प्यारो प्रिय अनुज सखा गाथकी प्राणप्यारी
माया भुल्दै बुवाको तनय र तनया गोत्रको साथ छाडी
आत्मामा देश बोकी रहर अधरका देशलाई चढाई
जागेका वीर योद्धा अरि विजय गरी आउँदै छन् रमाई।

भोकैभोकै कुदेका जलधरि नपिई देश रक्षार्थ हाम्रा
योद्धा हुन् वीर पुर्खा प्रिय मुलुक दिने प्रात हुन् देव हाम्रा
फैल्याए देश हाम्रो हिम गिरि मिथिला एकतामा उनेर
ती योद्धाको कमाई नचुड नलुछ, हे देशका दाजुभाइ।

के-के खोज्छौ सबै छन् चिजबिज जति छन् विश्वमा ती यहीँ छन्
साझा माटो र पानी असल मन हुने बुद्ध सीता यहीँ छिन्
झण्डा हाम्रो निसानी अमर छ खुकुरी खोज माटो पवित्र
प्यारो नेपाल मेरो हृदयसँग रहोस् वीरको मार्गचित्र ।

छन्द : स्रग्धरा — विराटनगर ।

ä ã

## साहित्य संवर्द्धन केन्द्र, नेपाल

**३. 'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**
- २०७१ श्री सत्य साई केन्द्र, पूर्व काठमाडौं
- २०७२ श्री सत्य उद्यान, ललितपुर
- २०७३ शान्तदास मानन्धर
- २०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
- २०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
- २०७७ रोचक घिमिरे

**४. 'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**
- २०७२ गीताकेशरी
- २०७३ भागिरथी श्रेष्ठ
- २०७४ भुवन ढुङ्गाना
- २०७५ माया ठकुरी
- २०७७ रमा शर्मा

**५. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**
- २०७२ डा. टीकाराम अधिकारी
- २०७३ प्रा.डा.वेणीमाधव ढकाल
- २०७४ रमेश खकुरेल
- २०७५ डा.विष्णुराज आत्रेय
- २०७७ नारायणप्रसाद उपाध्याय

**६. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**
- २०७३ परशु प्रधान
- २०७४ डा. राजेन्द्र विमल
- २०७५ गणेश रसिक
- २०७७ उत्तमकृष्ण मजगैयाँ

**७. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**
- २०७४ रोहिणीविलास लुईटेल
- २०७५ बालकृष्ण उपाध्याय
- २०७७ डिल्लीराज अर्याल

**८. 'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
- २०७४ नेपाल बाल साहित्य समाज
- २०७५ प्रमोद प्रधान
- २०७७ रञ्जुश्री पराजुली

**९. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**
- २०७७ विद्यानाथ उपाध्याय

**१०. 'नन्द आनन्द टुल्की साहित्य सम्मान'बाट सम्मानित**
- २०७७ नारायण तिवारी

**११. 'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**
- २०७७ होमनाथ सुवेदी

ä



# हे जन्मभूमि माता

**लक्ष्मीदत्त भट्ट 'सत्यप्रेमी'**

मन तल लुक्ने सब रचि सारा
जय जननीको मन सब सारा
मन सत राखे सब पुर जान्छौ
कपट नराखे सब सुख लान्छौ ।

यस कलिको मा नगर विषादै
सब नर नारी हुन एक जातै
विषमहरूमा तन मन पारे
सब जन सारा सत धन हारे ।

जनम दिने कोख बुझ्न सारा
यस कलिको मात कपट पारा
जनम भरीको सब गर चर्चा
सब दिन राती रवि चल पर्दा ।

अबुझहरूले बुझ्न नसक्दा
जनम भरीको निकट नपुग्दा
अब जननीको सब गर चर्चा
दिन दिन राती गर अब पूजा ।

जनम भयो लौ जब जननीको
निज कर जोर्दै उदय सबैको
कति ममताको नव लोलि गीत
सुनि कन सारा तन मन जीत ।

तनयहरूले गरिकन सेवा
सुख पनि पायो विरह निभायो
मन ममताको सुनिकन गीतै
अनि मन हुन्छ सब जन जीतै ।

पुगि ममताको बसिकन काखै
तनयहरूको गति पनि लाखै
मिलिजुलि सारा वसिका खाने
कति गफ गर्दै खुस बनि जाने ।

जब जननीले मुसुमुसु हाँसी
दुख ममताले तन मन नासी
सब ममताले नर गति जान्ने
तब ममताले सब नर पाल्ने ।

रज जननीको तन मन बासै
तनयहरूको शुभ गर आशै
जब ममताले भरी मन ज्ञानै
तनय सबैको दुख सब नासै ।

सब जनको यो विपिन छ बासै
सब ममताको तनय छ आशै
जनम भरीको कलह हटाऊ
तनय सबैले सुपथ दल गाऊ ।

जय जननी हे घटघट बासी
जनम भरीको दुख सब नाशी
जय जननी हे म त छु निराश
तनय सबैको मन गर बास ।

छन्द : कुसुम विचित्रा

ä ã

# रूपकै रूपले मरे

**वसन्तकुमार शर्म्मा नेपाल**

कविले कविता लेखे आत्मकायिक वृत्तको
यो कुनै वास हो मेरो नित्य जीवनमार्गको ।

पढ्नेले महिमा गाए चोखो दर्शन पक्षको
लिनेले खोजिँदा पाए उत्तरै यक्ष-प्रश्नको ।

त्यो सधैं खारिँदै बढ्छ जसमा हुन्छ योग्यता
लिने दिने कुरै अर्कै सक्नुमै बस्छ शिल्पता ।

सोझा हुन् र त यो छाने साहित्योन्नतिका कुरा
आँखी भो रिस ईर्ष्याले बम्के हिरण्यकश्यप ।

घोल्दै प्रह्लाद आफूमै शुद्ध आत्मा दिए लिए
'सहु सहु सहु बाबु !' भन्दै जीवन सुम्पिए ।

नवैरस उचालेर पत्री नाट्यविधा बढे
बढाए अरूको आँट, अरूभन्दा अथै पुगे ।

हेपून्, ताकून् बिगो पारून् नबिग्रिऊँ म क्यै गरी
क्षमा धैर्य तपस्याको उदाहरण होस् मरी ।

गरेछन् साधना ज्यादै कला साहित्य रङ्गमा
त्यसैले जग जब्बर भो सम्राट् सारथि पाउँदा ।

प्रतिस्पर्धी छँदै छैनन् क्षेत्रमा भन्नु मात्र छ
नसोच्नू प्रतियोगीकै खस्रो लाग्दछ जीवन ।

ऐश आराम वा चैन पुर्खौली सम्पदा थियो
कविले त्यसमै जोडे कला साहित्यको मियो ।



धान्नु सङ्घर्ष नै होला दिएनन् त्यक्त बन्न त्यो
अडाए शान कर्मैले यै पनि शमशीर भो ।

'नकुह्त्योस् खत भो' भन्दै लक्षणा पात्रमा गरी
लेखे नाटक आफै नै खेल्न मिल्ने गरीवरी ।

एउटा कविले देख्दा मान्छे भोग्दछ जे जति
बढी नै उनले भोगे बखान्नु पनि के कति ।

विधा रूपक छानेर रचना रूपकै गरे
यो वाङ्मय भरी पारी रूपकै रूपले मरे ।

२०७६/८/११ गते लेखिएको श्री शर्म्माको यो जीवनकै अन्तिम फुटकर कविता हो ।

ä ã

## नेपाल-साहित्य समाज

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
९. २०७७ डा.रामप्रसाद ज्ञवाली

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी
८. २०७५ द ओरफान होम, बाजुरा
९. २०७७ नेपाली शिक्षा परिषद्, काठमाडौं

## यसैमा मजा भो

**विनयकुमार शर्मा नेपाल**

चलाई कटारी दिलैमा नरोपौं
हुने छैन डाहा दिलैमा नझोसौं
सबै जीव बाँचून् सबै हुन् समान
भनी यो नसोच्दा हुने भो मसान ।

कि जानी, नजानी अँधेरो बनायौं
उठाई कटारी घुसाई धसायौं
झिलिक्कै मिलिक्कै सखापै बनायौं
कुवैरी बनी लौ कता पो रमायौं ?

बनाई स्वभावै कडा पार्न साह्रो
बचाई प्रभावी खडा राख्न गाह्रो
मिलेरै बढेमा धुरी चुम्न सक्छौं
रमाई रमाई व्यथा फाल्न सक्छौं ।

न भै भेट के भो ? नहोस् मान हानि
न भै साथ के भो ? नहोस् घात जानी
स्व-मुक्तै रहेमा स्व-भित्रै रहन्थें
स्व-बाटो समाती स्व-साथै बहन्थें ।

नराम्रो र राम्रो हजारौं छिचल्छौं
खुलाई स्वनादी सबै बढ्न सक्छौं
नआऊ तिमी भो ! मनै गल्न थाल्यो
यसैमा मजा भो ! झनै चर्न थाल्यो ।

उता चर्न थाल्दा त्यसैमा मजा थ्यो
यता चर्न थाल्दा यसैमा मजा भो
मनाऔं कि मेला म तिम्रो खुसीको ?
कि भो मृत्यु पक्का ! यसैमा मजा भो ?

छन्द : भुजङ्गप्रयात     चाबेल, काठमाडौं ।

ä ã

## मनोरोग

**सीता शर्मा 'शीत'**

मनैभित्र अट्ने अहो विश्व सारा
यसैले त बुझ्ने गरेको इशारा
दुखेको दुखेसो भए झट्ट फालौं
व्यथा हो मनोरोग आजै निकालौं ।

मनै हो खुशी वेदना व्यक्त गर्ने
कतै ठेस लाग्दा अहो नीर झर्ने
भरौं जोश आफै नयाँ कार्य थालौं
व्यथा हो मनोरोग आजै निकालौं ।

बुझे चित्त पक्कै धरा स्वर्ग बन्छ
सबै यो कुना कन्दरा स्वर्ग बन्छ
दियो शान्तिको आजको आज बालौं
व्यथा हो मनोरोग आजै निकालौं ।

यहाँ औषधी छन् सबै दर्द हर्ने
कुनै छैन झाँक्री व्यथा अन्त गर्ने
टुटेको भए प्रेमले चित्त गालौं
व्यथा हो मनोरोग आजै निकालौं ।

छन्द : भुजङ्गप्रयात   सिक्किम, भारत ।

ä ã



## प्रश्नैप्रश्न

**विष्णु दाहाल**

आफ्नै गौरव गाउने गहकिला गाथाहरू बिर्सियौं
पाखा पर्वत घन्कने सुरसिला भाकाहरू बिर्सियौं
खर्ची लाख गनाउने फसलका बोरा किनी ल्याउँछौं
चौबन्दी फरिया र घाँघर भुली लेङ्गा किनी ल्याउँछौं ।

खान्छौं स्वाद लिँदै बजारतिरका पिज्जा र त्यो बर्गर
खाँदैनौं तर शुद्ध गुन्द्रुक ढिँडो, आँटो, पिठो, फापर
यस्तो हाल भयो कि यो मुलुकको गुम्दै गयो गौरव
वासन्ती वनभित्र पुष्प रजको काहाँ गयो सौरभ ?

रोजै मिर्मिर स्वर्गका सुरहरू सम्पूर्ण झर्छन् भने
क्रीडास्नान गरेर पुष्पक चढी निर्विघ्न फिर्छन् भने
खोज्दै धाम विदेशको सफरमा व्यर्थै म जाऊँ किन ?
कैयौं तीर्थहरू घरै निकट छन् के पुण्य मिल्दैन र ?

रातारात हतारमा छ महँगी धौलागिरी नै छुन
धोती किन्न सकिन्न किन्तु गतिलो भोटो सिलाऊँ किन ?
दानो छैन अनाजको यदि भने आगो जलाऊँ किन ?
छानो हाल्न सकिन्न व्यर्थ घरको गारो उठाऊँ किन ?

खानी खोल्न सके फलाम, सुनका यो देश बन्ने थियो
पस्के मौलिक सिर्जना, कृति-कला सौन्दर्य खुल्ने थियो
नौका जीवनको खियाउन सके गन्तव्य भेट्ने थियौं
आत्माभित्र दियो जलाउन सके कर्तव्य बुझ्ने थियौं ।

गाछी रोप्न सके बसेर बटुवा ताप्ने थिए शीतल
बाटो खन्न सके विशाल भिरमा गुड्ने थिए मोटर
नेपाली हिमशैलको जल पिए के आँत भिज्दैन र ?
ओढी च्यादर मस्तले यदि सुते के रात बित्दैन र ?

धारा पोख्न सके अमूल्य श्रमको के मट्टि गल्दैन र ?
बाँझो फोर्न सके यही जमिनमा के अन्न फल्दैन र ?
बत्ती बाल्न सके अथाह जलको के साँझ बल्दैन र ?
चिर्दै बाल्न सके मुढा मकलमा के अग्नि जल्दैन र ?

आफ्नै सुन्दर देशमा श्रम गरे के मान बढ्दैन र ?
निल्दा यी वनकुञ्जका जडिबुटी के रोग भाग्दैन र ?
माली बन्न सके गुराँस हँसिला फुल्ने थिए सुन्दर
साँचो कर्म गरे सफा हृदयले के भाग्य खुल्दैन र ?

तृष्णा त्याग विना सुरम्य सपना पूरा हुँदैनन् भने
गैह्रो सागर झैं अनन्त मनका आँखा हुँदैनन् भने,
पूरा गर्न सकिन्न किन्तु सपना देखूँ सुनौला किन ?
सुन्ने कान विना स्वयम् हृदयका लेखूँ बिलौना किन ?

गाँसी गाँस्न सकिन्न प्रेम ममता बैरीहरूमा भने
आद्योपान्त पढेर डुब्न नसके गौरीहरूमा भने
ज्ञानी, शान्त र धीर, लायक भनी छाती फुलाऊँ किन ?
लैला-मज्नु तथा मुना-मदनमा आँखा डुलाऊँ किन ?

होला सुन्दर के र योग्य वरको छायाविना पीपल ?
पङ्खा-पत्र विना घना विपिनमा तापूँ कहाँ शीतल ?
स्वर्गङ्गा सरिका विशुद्ध झरना सुक्दा नुहाऊँ कहाँ ?
आफ्नै देश धरापमाथि छ भने यी पाउ राखूँ कहाँ ?

छन्द : शार्दूलविक्रीडित — इनरूवा, सुनसरी, हाल : खोटाङ ।

ä ã


शब्दार्थ प्रकाशनको वेबसाइटमा

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि,**

**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् !**

web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com




# बाँच्ने बचाउने खेती सारा मिली लगाऊँ है !

**शिवप्रसाद भण्डारी**

म हुँ यो देशको मान्छे मान्छे भै बाँच्न खोज्दछु
आमा नेपालको आफ्नो धर्म-संस्कृति रोज्दछु
हाम्रो सनातनी रुप वैदिकी-तत्त्व हो जग
जहाँ समानता फुल्छ सह-अस्तित्व खुल्दछ ।

स्वच्छन्द धारणा राख्ने सभ्यताको मुहान हो
पारिवारिक सौन्दर्य संयुक्तता विधान हो
हुन्छ उँचाइ बोलीमा ज्ञानको शब्द-माधुरी
होस् जनमतको स्वार्थ कुनै देखिन्न चातुरी ।

आफ्नो संस्कार फालेर जो अरु पछि लाग्दछन्
हाम्रो संस्कार त्यो हैन पाश्चात्य रुप जाग्दछन्
बुद्धको रुप हेरौं त अहिंसा भित्र मिल्दछ
'अहिंसा परमो धर्मः' स्वतन्त्र रुप खुल्दछ ।

हामी सनातनी सारा मानवत्व रूचाउँछौं
आफ्नो अस्तित्वका लागि मरिमेट्न तयार छौं
नेपाली रचनाभित्र अनेक रुप-रङ्ग छ
बिहानी सूर्यको आभा-रश्मिमा फूल फुल्दछ ।

तामसी पनले दिन्छ अधपतनका कुरा
व्यथित मनले भन्छ बढाऊँ स्वच्छ आँकुरा
कोलाहल यहाँ हुन्न शान्तिको मार्ग रूच्दछ
वैदिकी भाव-सौन्दर्य मूलमन्त्र विचार छ ।

यही हो मन्त्रणा मेरो मानवी जनमाझमा
जागौं हामी सबै जागौं वेला यही छ साथमा
आस्थाको बीज रोपेर गतिमय बनाउँ है !
बाँच्ने बचाउने खेती सारा मिली लगाऊँ है !

सत्यवती ५, गुल्मी ।

ä ã

# विशृङ्खल भावना

**श्रीहरि फुयाँल**

जे जे पायो त्यो त्यो बोल्दैमा
नेता पल्ट्यो बोको मोल्दैमा
बोल्दाबोदै नेता बौलाए
ऐरे जैरे खैरे मौलाए।

काली गङ्गा डाँडा चौतारी
घुम्दै आयो मान्छे औतारी
त्यो मान्छेले के के सोर्ने हो ?
लुट्नेले नै घ्याम्पो भर्ने भो।

विद्वान् जम्मै पाखा पर्दैछन्
बेकामी भै भोकै मर्दैछन्
लुट्ने मान्छे ठूला बन्दैछन्
बोक्रेलाई मात्रै गन्दैछन्।

खाना खोज्दै ढुक्दै जानेले
मीठो मीठो माग्दै खानेले
गर्दा घाहा बल्झ्यो मान्छेको
कल्ले बुझ्ने पीडा भान्छेको ?

डाँडा पाखा काँडाघारीमा
हामी डुल्छौं हाम्रै बारीमा
आतेजाते गर्ने मान्छेले
के के भन्छन्, ख्वाऊन् भान्छेले।

गाँडे पाँडे साँढे डुक्रन्छन्
सोझा मान्छेलाई ठुक्रन्छन्
बेला आयो कस्तो ऐलेको
क्रोधी मान्छे मात्रै फैलेको।

कामी मान्छे भाखा फेर्दैछन्
ती साँढेका आँखा हेर्दैछन्
उर्दी गर्दा जाली-झेलीले
मान्नै पर्ने हाम्रै चेलीले।

ä ã

**http://www. nepalipublisher. com वा**

**http://www.khabarinepal.com को Hotlink वा**

**http://nepalipublisher.com/downloads-vajyanti\dayitwa**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**



# झ्यालखाना दुरुस्तै

**डा. श्यामप्रसाद न्यौपाने**

उब्ज्यो कस्तो जनभयकरी रोग प्यारो धरामा
बस्नैपर्ने सब घरघरै कीट झैं कन्दरामा
कोरोनाको भय अति बढ्यो मर्त्यमा सुस्तसुस्तै
हेर्दाहेर्दै निज गृह बन्यो झ्यालखाना दुरुस्तै।

खेल्थे बाला युवकयुवती वृद्धवृद्धा खुसी भै
बग्थ्यो मीठो सरस सरस सरितातुल्य माया सधैं नै
सुन्दामा नै थरहर हुने रोग आएर सुस्तै
हेर्दाहेर्दै निज गृह बन्यो झ्यालखाना दुरुस्तै।

बन्दाबन्दी छ त सडक नै बन्द भो आउजाउ
कल्कार्खाना शहरभरका बन्द छन् के रमाऊँ
कामै बन्दी तर मुख भने खान पो खोज्छ उस्तै
हेर्दाहेर्दै निज गृह बन्यो झ्यालखाना दुरुस्तै।

सोचेको थ्यो कुन मनुजले आउला याम यस्तो
सोचेको थ्यो कुन मनुजले लाउला घाम यस्तो
खानेप्यूँने नियम नहुँदा बढ्न गो रोग मस्तै
हेर्दाहेर्दै निज गृह बन्यो झ्यालखाना दुरुस्तै।

बाँचेका छन् कुन तवरले ख्याल पो राख्छ कल्ले
हाँसेका छन् कुन तवरले ख्याल पो राख्छ कल्ले
बाँधी खुट्टा करयुगल यी बित्न गो काल मस्तै
हेर्दाहेर्दै निज गृह बन्यो झ्याखाना दुरुस्तै।

छन्द : मन्दाक्रान्ता

ä ã

**के तपाईंले हाम्रो चिकित्सा शब्दसागर हेर्नुभएको छ ?**

# बन्छौ भने निर्मल

**सीता भट्टराई**

मात्रै दोष यहाँ हुँदैन सबका सच्चा हुँदा दृष्टि रे
छोडी दोष सबै निहाल गुण ती सद्बुद्धिका नेत्रले
भेटिन्छन् सब स्वच्छ शक्ति गरिमा खोज्छौ उज्यालो भने
देखिन्छन् सब अन्ध सृष्टि जग यो दुर्बुद्धिका गन्धले ।

आफ्नो मान इमान राख्नु छ भने सम्मान गर्ने गर
आफ्नो इज्जत मूल्य मान्छ जसले आस्था सबैमा भर
अर्काको गुण दोष खोज्छ मनले दोषी छ आफैं तर
आफ्नै दोष निहाल नित्य मनले बन्छौ तिमी निर्मल ।

मान्छे हो सब कर्म गर्दछ सदा खारिन्छ ऊ कर्मले
मान्छे हो सब मर्म बुझ्दछ भने मानिन्छ ऊ धर्मले
मान्छेबाट अभिन्न छैन दुनिया मान्छे जहाँ साथ छन्
मान्छेकै हितनिम्ति हाँस्दछ धरा प्राणी जहाँ हाँस्दछन् ।

सच्चा मानवले सबै समयको सत्पक्ष नै रोज्दछ
मान्छेभित्र सधैं सुगन्ध वहने सत्कर्मले भर्दछ
सारा सृष्टि र दृष्टि शुद्ध तहमा राख्ने भए मानिस
आफैं स्वच्छ बनी पवित्र मनले सत्मार्ग हिँड्ने गर !

भेटिन्छन् गुणका अनन्त महिमा धर्ती हुँदा मङ्गल
खुल्छन् पुष्प पराग नित्य जगमा हाँस्दा सबै जङ्गल
आफ्नै सोच र कर्मका कलशमा सारा उज्यालो छर
अर्काका गुणमात्र खोज मनले बन्छौ भने निर्मल ।
रामहिटी, काठमाडौं ।

ä ã

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?



# ती खाल को हुन् भन

**हरि कट्टेल**

घण्टा के र मिनेटमै पनि कुरा फेर्छन् नि लाजै विना
हिँड्दैनन् दश पाइलै पनि यहाँ कालो पजेरो विना
चर्छन् ठाउँ सबै घुमेर, जसरी चर्छन् बुलाहा वन
छन् जालन्धर भैंm कृतघ्न कपटी, ती खाल को हुन् भन ।

सुस्ता रुन्छ उदास भो दशगजा उस्तै छ काली पनि
गर्थे राष्ट्रिय स्वार्थका गफ हिजो ती राष्ट्रवादी बनी
रोजी बैंक विदेशका खुरूखुरू चोरेर राख्ने धन
झुट्टा फारम पेस गर्न सुरिने ती खाल को हुन् भन ? ।

हुन्छन् भाषणमा निकै गजबका वैरी पछार्ने कुरा
बाँड्छन् जो सपना अझै सहिदका सुर्की घुँडा पाखुरा
पैसाको गुँडभित्र मात्र रहने हुन् धुन्धुकारी जन
चुस्दा मात्र रमाउने मुलुक यो ती खाल को हुन् भन ? ।

हान्ने तीर अनेक तीक्ष्ण गतिका सत्ता समात्ने घडी
मिल्नासाथ तुरुन्त हुन्छ तर त्यो विश्वासमा गड्बडी
जस्को नाम अचेल छैन गतिलो ठान्छन् सबै दूर्जन
बेकामे अगुवा समाज भँडुवा ती खाल को हुन् भन ? ।

छारो छर्न सिपालु यी नजरमा दासीहरूका धनी
पापी हुन् तर भाटले कनिकनी लेख्ने महान् जीवनी
खाने भौतिक सम्पदा कति यहाँ खाने नि बाक्ला वन
जे खाऊन् कहिल्यै अजीर्ण नहुने ती खाल को हुन् भन ? ।

मर्दै छन् उपचार औषधि बिनै लाखौं हजारौं जन
पुग्ने दन्त दुख्यो भने पनि कुदी दिल्ली तथा लन्डन
जो हिँड्छन् जहिल्यै जहीं बिटुलिदै बोकेर स्वार्थी मन
नाचेका मदमत्त भै शहरमा ती खाल को हुन् भन ? ।

विराटनगर ।

ä ã

# नेपाल

**हरि पराजुली**

पाखाबाटै टहटह सबै देखियो सप्तरङ्गी
खोला नाला सब प्रकृतिले पस्कियो भावभङ्गी
मोतीजस्तो चमक चुचुरो हेर सारै विचित्र
यस्तो राम्रो चटक हरिको हुन्छ नेपाल भित्र ।

गर्दै जाऊ हरदम तिमी देश सेवा गरेर
हाँस्दै आऊ नव युवक हो सौम्य भाका छरेर
आयो नौलो अनुपम प्रभा प्रेम हाँसो सजाई
माया गर्छौं हरपल सधैं देश नेपाललाई ।

माला उन्दै सब जन मिली एक भै जुट्नुपर्छ
आफू आफै अब सँगसँगै शक्ति भै उठ्नुपर्छ
अन्यायीका दलबल सबै ध्वस्त पारेर जाऔं
नेपाली हौं विजय-पथको यो ध्वजा फर्फराऔं ।

लाली छर्दै मधुर वनमा फूल धेरै फुलाऊँ
यै माटोमा लुटुपुटु गरी स्वर्ग जस्तो बनाऊँ
हेर्दै राम्रो कुसुमकलिका बस्दछौं सुम्सुम्याई
माया गर्छौं हरपल सधैं देश नेपाललाई ।

आओस् प्यारो नवयुग यहाँ त्यो अँध्यारो हराओस्
नेपालीका घर घर सधैं मन्द मुस्कान ल्यावोस्
छोड्दै जाऔं अब मन मनै अन्धविश्वासलाई
माया गर्छौं हरपल सधैं देश नेपाललाई ।

छन्द : मन्दाक्रान्ता
दमक-९ झापा ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**



# शब्द

**हरिप्रसाद पौडेल 'स्वर्णशिखा'**

शब्द सर्वत्र बोलीमा लेखाइमा छ लोकमा
शब्द हुन्छ इशारामा छन् शब्द सुर तालमा ।
शब्दमै हुन्छ जिज्ञासा शब्दमै हुन्छ उत्तर
शब्दमा हर्ष पीडा छ निःशब्द के कहाँ छ र ?

शब्द नै परिभाषा हो शब्दै हो अर्थ शब्दको
शब्द नै शब्दको गाथा शब्द अनर्थ शब्दको ।
शब्द तिम्रो बुझे तिम्रै विम्ब हो प्रतिविम्ब हो
शब्द तिम्रो चिनारी हो व्यक्तित्व पहिचान हो ॥

भाषा साहित्यको आत्मा कला बन्दछ शब्दले
ब्रह्माण्ड रच्ने शब्दै हो शब्दभन्दा छ दूर के ?
शब्दै हो भावको गङ्गा शब्दै सौन्दर्य मूल हो
शब्द खुदै बगैंचा हो शब्द नै एक फूल हो ॥

शब्द नै अस्त्र ज्ञानीको वीरको शस्त्र शूल हो
गर्जन्छ निम्ति निर्धाको सङ्घर्षको विगूल हो ।
शब्द चिन्तनको वस्त्र शब्दै ध्वजा विचारको
शब्द मस्तिष्कको द्रव्य शब्द नै पञ्चतत्त्व हो ॥

धीरको कण्ठको माला पासो अधीर कण्ठको
सुधा हो कण्ठको ज्ञानी विषाद मूर्ख कण्ठको ।
सज्जन निम्ति सेवाको भोजन निम्ति मध्यम
खर्चिन्छ शब्दको पोको व्यापार निम्ति दुर्जन ॥ ( ५ )

शब्द गुरु पिता माता सत्य पन्थ हिंडाउने
शब्द मनुष्यको आँखा यो संसार चिनाउने
उक्लिन्छ शब्दले मान्छे पुग्छ पाताल शब्दले
शब्द हो मित्र या वैरी बुझिन्छ त्यो प्रयोगले ॥

छन्द : अनुष्टुप
घोराही-१५ दाङ ।

ä ã

# आत्मविश्वास

**हरिशरण ढुङ्गाना**

निर्धक्क बस्थे लिपुलेक हेर्दछु
सारा जलेका मनमा म देख्दछु
गिद्धै बनी आज छिमेक घुस्रियो
आएछ ऐले तर स्यालझैं थियो ।

जे जे गरूँ आज बिगार्छु भन्दछ
रोटी र बेटी पनि भन्न छोड्दछ
सन्त्रास छर्दै सब शान्ति खोस्दछ
लाखौं करोडौं सब भाइ सोस्दछ ।

कस्ता छिमेकी अब दुष्ट लोकमा
खन्दै छ बाटो अझ लेक लेकमा
जाग्दै छ माटो अब आज सिंह झैं
चुँड्दै छ नाता रणमा छ स्याल झैं ।

छैनन् सपूतै अब छैन झैं कतै
भन्छिन् नि आमा सब दर्द भो सबै
चुच्चै छ नक्सा त नवीन देशको
थोपा र थोपा रगतै छ वीरको ।

खन्दै छ बाटो छलछाम नै भयो
भन्दै छ मेरो धुमधाम भै गयो
पेलेर मित्रै ठिक पार्छु भन्दछ
हारून् सबै ती रणनीति रच्दछ ।

छैनन् विवेकी बलिया यहाँ दिन
जङ्गे सिमाना अझ मासिँदै किन
धेरै नबोलूँ कि त शान्त देशमा
फिर्ता गराई लिन सक्छु सक्छु म ।

सुर्जे र चन्द्रै जनमा सदा भर
खै मागनी मै सब पल्किँदो छ र ?
गर्छौ विलौना सब मालिक बडा
माग्छौ कृपादृष्टि समाज छन् खडा ।

छाएन ठ्याम्मै सुख चैन शासन
दिन्छन् धरामा किन मात्र भाषण
आए त नेता रसमाधुरी देख्छु
वैरी यहाँ जो जति छन् लखेट्दछु ।

बुद्धू छ नेता भन देशमा किन
छ्या राष्ट्रघाती सब नै सदा दिन
हुन्थ्यौं खुसी नै ठिक ठाउँमा छँदा
सम्पूर्ण जाती तब हुन्छ सर्वदा ।

टिक्दैन यो दुश्मन दुष्ट लौ यहाँ
धूर्तै छ आँखा पनि गाड्छ मैकहाँ
तैंले फिँजाइस् किन पङ्ख लेकमा
फर्की तँ आफैं अब जा तँ देशमा ।

दुख्खै छ सुस्ता प्रण गर्छु लिन्छु म
यो आत्मविश्वास छ गिँड्छु गिँड्छु म
गोर्खे हुँ वीरै छु सहेर पो बसें
आमा मरेझैं, म सहन्नँ भो सहें ।

छन्द : इन्द्रवंशा गोकर्णेश्वर, काठमाडौं ।

ä ã



# धिक्कार तिम्रो मन

**होमनाथ शर्मा**

मेरो राष्ट्रियता दिनानुदिन नै भाग्दै छ प्यारो किन ?
आमा भागिगइन् रूँदै पर परै आएर मम्मी झन
बाबा धेर दुखी भइकन हिँडे भागेर खोज्दै छु म
ड्याडी मात्र यहाँ खचाखच भए आश्चर्य मान्दै छु म ।

सानीमा र फुपूहरू पनि हिँडे छैनन् ठुल्यामाहरू
अण्टी आइगइन् यता घरघरै राज गर्न लागिन् बरु
भाषा, भेष गए सबै नगर औ छोडेर गाउँ घर
भाग्छन् संस्कृति, सभ्यता पनि यसै नौला उदाए थर ।

भित्र्याएर नयाँ विदेशतिरका ती सभ्यता संस्कृति
मेट्ने जात र जातिलाई यसरी भुट्ने पुराना जति
भाषा, भेष परम्परा पनि यहाँ मेटेर सारा कुरा
भित्र्याएर विदेशका सब कुरा नौलो छ भर्ने पुरा ।

आफ्नो राष्ट्रियता जहाँ छ, जसमा झल्किन्छ ती ती कुरा
नेपाली पहिचान यी सब यसै मेटाउने के पुरा ?
देशै हो पनि बुद्धको र शिवको राख्दैन वास्ता कसै
आफ्ना यी पहिचानमा किन यसै चाहन्न त्यो बाँच्न नै ।

नेपाली अब बन्न हुन्न त भने नेपाल के चाहियो ?
बोल्नै पर्छ विदेशका स्वर भने भाषा यसै फालियो
पोशाकै पनि भो विदेशतिरको, खाना उतैको भयो
जे भन्छन् "उठ-बस्" यही अब सँधै गर्दै हिडे भैगयो ।

माया लाग्छ विदेशमै गइ बसौं, बोलौं विदेशी कुरा
भाषा संस्कृति नै सिकौ नि उनकै छोडेर आफ्ना कुरा
जाऔं देश उतै छ, झल्मल यहाँ बस्ने र के पाउन ?
नेपाली भई भन्दछौ यदि भने धिक्कार तिम्रो मन' ।

छन्द : शार्दूलविक्रीडित चिदीपानी, पाल्पा ।

ä ã

# समानताको सन्देश

**डा. होमप्रसाद गृहस्थी**

गुञ्जिएको ध्वनि रस मिठो कोइली कण्ठबाट
सारा पाखा वन चउर यी उर्वराशक्ति फाँट
लठ्ठै हुन्थ्यो तनय सबको काँधमा काँध जोडी
कल्ले ल्यायो मृदुलवयमा बज्रभै मृत्यु गोली ।

चम्की चम्की दिनहुँ शिरमा श्वेतरश्मी रुलाई
माया भर्थ्यो हिमशिखरले विश्वमा मुस्कुराई
भन्थे देख्ने जनहरू सबै बुद्धको देश राम्रो
आफू आफू यदुकुलसरी नासियो राष्ट्र हाम्रो ।

फुल्ने पाखा ढकमक भई फूल राता गुराँस
चल्दा हावा मग मग सधैं आउँथ्यो जो सुवास
ती हावाले किन किन यहाँ युद्धको गन्ध ल्याए
यी वासन्ती कुसुम कसरी निर्दयी बन्न आए ।

नानीलाई अब त क ख रा तर्फ ध्यानै हरायो
बच्चा खेल्दा पनि घरघरै युद्धको ख्याल आयो
रुन्छिन् आमा धुरुधुरू कठै काख रित्तो गराई
स्यूँदो पुछ्दा अति कठिन भो वैंशकी नारीलाई ।

यस्तो वेला अब तिमी कुनै शान्तिको पाठ लाऊ
सल्लेरीका वनहरु घुमी बुद्धको गीत गाऊ
बिहानीको रवि किरण झैं स्वच्छ राखी स्वभाव
मान्छे मान्छे नगर तिमीले देशमा भेदभाव ।

छन्द : मन्दाक्रान्ता — घट्टेकुलो, काठमाडौं ।

ä ã

के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?



k5f/sf] kftf]

## पद्यमा अघिल्ला संयुक्त वर्णका ह्रस्वदीर्घ प्रयोगबारे उत्कण्ठा

**पुरुषोत्तम सिग्देल**

देवनागरी वर्ण व्यवस्थामा सिङ्गा र संयुक्त अक्षरका लेख्य चिह्न (लिपि) र ध्वनि (उच्चारण) को व्यवस्था वर्णमालामै निर्धारण गरिएका छन् ।

'पहिलो किताब' का काला अक्षर धुलौटे पाटीमा डिकाले सार्ने गरी सिक्ने अवस्थामा अ, आ, इ, ई आदि सोह्र स्वर क, ख, ग, घ.... ज्ञ सम्मका छत्तीस व्यञ्जन सबै उत्तिकै लाग्दथे । क देखि ह सम्मका सिङ्गा क्ष, त्र, ज्ञ संयुक्त हुन् भन्ने र क साँबैक बाइमात्रा कि, दाहिना की आदि बनाउने चिह्न ा ि ी... लगाएर उच्चारण गरिन्छन् भन्ने ज्ञान क्रमशः हुँदै गयो ।

पाणिनीको 'कषसंयोगे क्ष', 'जञोर्ज्ञ', र 'उकालोऽज्भ्रस्वदीर्घ प्लुत्तः', भन्ने सूत्रहरूले क्ष त्र ज्ञ का संयुक्त रूप र मात्रा लाग्ने चिह्नहरूले उच्चारण अवधिका कारण ह्रस्व, दीर्घ, प्लुत्त हुन्छन्– रूप र उच्चारणको वास्तविकता पछि खुल्दै गयो । त्र, मा त–र को संयुक्त रूप र वनावटका लागि सायद अलग सूत्रको आवश्यकता परेन होला– किनकि त सँग र जोड्दा संयुक्त हुने सङ्क्षिप्त रूपकै सङ्क्षेपीकृत 'त्र' नै त्र को स्वरूपमा पाइन्छ ।

अक्षरहरूको बनावट अर्कोसित संयुक्त गर्ने आदि अक्षर सिक्ने सिकाउने अवस्थामा नै मिहीगरी ध्यान गएन, ढङ्ग पुगेन भने बाल मस्तिष्कमा कस्तो असर र अन्योलले पनि दण्डित हुनुपर्दछ । एउटा रोचक घटना सुनाउनु सान्दर्भिक हुन्छ ।

निम्न घटना स्वयं भुक्तभोगी पात्र (भूपाल खरेल) मेरा एस.एल.सी. दिंदाका सहपाठी र पछि सहशिक्षकले बताएका थिए – मित्र खरेलको घर पाँचथर जिल्लाको उत्तर पूर्वी कुना 'च्याङथापु'– २०१४–०१५ सालतिर अङ्ग्रेजी पढाउने शिक्षक छिमेकी दार्जिलिङ भारतबाट ल्याउनुपर्ने– ती पनि बदलीरहने हुनाले पहिलो शिक्षकले अङ्ग्रेजीको– डब्लु आर ए पी पी ई डी– (W R A P P E D) को उच्चारण 'वऱ्याप्ड' सिकाए । ती गए । अर्को आए । त्यही पाठको शब्द 'ऱ्याप्ड' भन्नुपर्छ भन्दै गल्ती भनेको शब्द दोहोऱ्याउँदै 'उठबस' गराए । ती पनि छिट्टै गए । अर्का आए त्यही शब्द 'ऱ्याप्ड' भन्दा गल्ती भनेकोमा उठबस मात्र गराएनन्– विद्यार्थीलाई कान समात्न लगाएर हातका सिर्कनाका इसाराले रूखो र ठूलो स्वरमा 'वऱ्याप्ड वऱ्याप्ड' भन्दे पचासौं पल्ट उठबस गराई दोहोऱ्याउन लगाए । यहाँ स्थान समय, अवस्था र मान्छे उल्लेख गर्नु परिस्थिति र शिक्षण अवस्था बोध गराउन मात्र हो । यो घटनामा कति सत्यता छ– उनै जानून् तर यस्तो विडम्बनापूर्ण अवस्था देशमा गुज्रिरहेको थियो ।

अङ्ग्रेजी कोश– जहाँ अर्थ लगायत उच्चारणसमेत निर्देशित गरेको हुँदा पनि

माथिको अन्योल र भ्रम अवस्था हुन्छ भने हाम्रो नेपाली शब्दकोशमा त्यस्तो व्यवस्था छैन ।

अङ्ग्रेजीमा अक्षरको नाम 'डब्लु (d)' दिने ध्वनि 'व' अनि कतै उसको अस्तित्व नहुने– त्यसै गरी सी (ऋ) कहीँ क, कतै च ध्वनि जी (न) ग सच् (ज) ह हाम्रो भाषा अक्षरको जे नाम त्यही ध्वनि हुन्छ । यस्तो विज्ञानसम्मत हुँदा पनि अङ्ग्रेजी नसिकी शिक्षा नहुने– बिडम्बना हैन त ? विश्वसँग परिचित हुन, प्रविधि बोध गर्न पनि अङ्ग्रेजी सिक्न आवश्यक भयो, किन भने विश्व अहिले यौटा गाउँ जस्तै भएको छ ।

धेरै प्राचीन मानिएको देवभाषा वेदमा चाहिँ ऋचाहरू उच्चारण गर्दा 'वर्षति' को बरेखति, य को–ज्य, ज्ञ– को न्य' उच्चारण गर्नुपर्ने हुन्छ । त्यसको केही प्रभाव नेपालका बोली विशेषमा परेको पनि पाइन्छ । वर्ष को बर्ख, कार्यक्रम को कार्ज्यक्रम आदि उदाहरण हुन् ।

वर्णमालामै क्ष, त्र, ज्ञ – र अर्को वर्णसित जोडिएका क– क, ख–ख ग–ग, घ–घ आदिका आधा टुक्र्याउन मिल्ने वर्णहरू र टुक्र्याउन नमिल्ने ङ, ट, ठ, ड ढ जस्ता वर्णलाई टुक्र्याउनुपर्दा वर्णका मुनि ( ्) चिह्नले काटेर आधा बनाउनुपर्ने अवस्था लिपिको बनावटअनुसार गरिएको हुनुपर्दछ ।

वर्णका लेख्य लिपिमा ज्यादै सानु अन्तर हुने जस्तै घ–ध, थ–य–प हरूमा सानु धर्साले अन्तर हुने हुनाले अक्षर बोध गराउँदै त्यसको तात्विक बनावटको अन्तर सूक्ष्मसित बुझाउन–बुझ्न आवश्यक छ । ज–ज्ञ, र त–न मा चाहिँ अलि दृश्य अन्तर हुनाले त्यति समस्या हुँदैन । खासगरी द–यमा, ध–यमा संयुक्त गर्दा हुने बोलीमा हुने अशुद्धि अत्यन्त खट्किँदो छ । विश्वविद्यालयले समेत उच्च शिक्षाको पगरी ओढाएका व्यक्तिहरू उच्च ओहदा पदासीनहरूले, नाम कमाएका सञ्चार क्षेत्रमा काम गर्ने समाचार वाचक तथा अन्य भाषिक व्यवहारमा उद्घोषण गर्ने व्यक्तिहरुले विद्यालय-विध्यालय, विद्यार्थीको-विध्यार्थी, उद्योगको-उध्योग, उद्यमको, उध्यम जस्ता भाषामा अपाच्य गल्तीहरू बृहत् सङ्ख्यामा पाइन्छन् । त्यसैगरी शुल्कको शुक्ल उच्चारण अहिले बजेट भाषणमा सुन्न भने पाइएको छैन ।

अक्षर ज्ञान गराउँदा द्‌य–द्य, ध्–य= ध्य, द्‌म–द्म, ह्–य= ह्य आदि सही बनावट शुद्ध उच्चारण ज्ञान गराइएन/भएन । यस्ता अशुद्ध उच्चारण गर्नेहरूले महामहिम राष्ट्रपतिको, काठमाडौँका नगर प्रमुखको विशिष्ट विद्वान् डा... कोइरालाहरूको नाम लिनु–भन्नुपर्दा के गर्लान् ? आफैँ कुनै उद्योग स्थापना गर्दा के लेखाउलान् संशय छ ।

कहलिएका सञ्चार माध्यमबाट, अनेक अन्तर्वार्ता, परीक्षाहरूबाट छानिएका, खारिएका वाचक-उद्घोषकहरूबाट माथि भनिएझैँ अशुद्ध उच्चारण सुनिरहँदा अति लज्जाबोध हुन्छ । मुख छोपेर रूनु कि तिनसित जाइलाग्नु जस्तो हुन्छ । म त भन्छु– त्यस्ता संस्थान कार्यालयका प्रमुखलाई प्रसारित अशुद्ध उच्चारण किन कुरी कुरी लाग्दैन ? यसको अर्थ उहाँहरूमा ज्ञान छैन कि नजर अन्दाज गरिएको हो ? यस्ता अशुद्ध वाचक



छान्नै हुँदैन, भाग लिन दिनुहुन्न । तब पनि अशुद्ध वाचन हुन्छ भने त्यसको जिम्मेवारी संस्थान प्रमुखले लिनुपर्दछ । होइन भने यस्ता अशुद्धिले हाम्रा भाषाको दुर्मत लिएको मानिनेछ – दण्डित हुनुपर्दछ । यो मेरो मात्र आह्वान होइन, भाषा क्षेत्र र सञ्चारमा काम गर्ने सचेत सबैको प्रतिनिधिमूलक आवाज हो ।

संयुक्त भई प्रयोग हुने 'र' अक्षर आधी र यससँग जोडिन आउने अन्य वर्णको बनावटका अवस्थाको चर्चा गरौँ । 'र' को अर्धकट्टी अन्य अक्षरसँग संयुक्त गर्नुपर्दा विभिन्न स्थान र आकार लिने गर्छ । 'र' आधा अर्को वर्णसित जोडिँदा पछिल्लो वर्णको टाउकामा बस्नुपर्ने अरू भन्दा भिन्न अवस्था छ । यससँग मोरिँदा आधा र ञालजस्तो वर्णअघि सानो जिब्रो जस्तो बन्नुपर्छ । त्यही र–सँग अन्य अक्षर मिल्नुपर्दा जति अक्षरमा खुट्टा छन्– क्र, ख्र, ग्र, घ्र झैँ खुट्टा देब्रे तलतिर काटेर जोडिने अक्षरको सग्लो जस्तो र आधार र चाहिँ तलतिर निर्धोजस्तो भएर संयुक्त हुने प्रचलन लिपि आविष्कारकहरूले प्रयोग गरेका छन् । खुट्टा नहुने– ङ, ट, ठ, ड, ढ जस्ता बैठक मुडिएका अक्षरमा वर्णका मुनि छिर्के बैसाखी टेकिएर र अक्षर (ˆ) रहनुपर्दछ । खुट्टा काट्ने कुरा गर्दा दुवैतिर भए र को सिङ्गो रूप र दाहिनातिर काटिए आधा अक्षर, फर्काउँदा 'ऋ' मात्रा लागेको खुट्टा काट्दा फर्काउँदाका प्रयोगहरू यस वर्ण व्यवस्था विशेषता हुन् ।

वर्णका आपसमा लेख्य दूरी विशेष ख्याल भएन भने 'पाई खाना' पाई रवाना हुने हुनाले बिदा लिने कि पाइखाना जाने अन्योल हुन सक्ने हुनाले हाल खको स्वरूपमा केही पविर्तन गर्नु यो दोषबाट बच्ने उपाय राम्रो हो ।

यी माथिका विद्यमान वर्णव्यवस्था सुधार गर्ने–ल्याउने नाममा टङ्कण आदि प्राविधिक सजिलो हुने कारण देखाएर स्वरका मात्रा तर्फ अ, आ जस्तै अि अी, अु अू अे अै आदि र ऋ मात्रामा रि ले काम चलाउने व्यञ्जनका संयुक्त स्वरूपतर्फ सर्वत्र आधा रूप जस्तै– क्‌य, ख्‌य, हर् जस्तै प्रयोग गरेर माथि उल्लिखित समस्या विद्‌या विध्या, पद्‌म व्‌र्‌ह्‌मा (ब्रह्मा) गङ्गा-गङ्‌गा गर्नुपर्छ । त्यसैगरी सर्वत्र दीर्घमात्रा (ी) र श, ष स मा एउटै दन्त्य 'स' प्रयोगको प्रस्ताव गर्ने भारतमा 'वर्धा' भन्ने ठाउँको हिन्दी प्रचारिणी सभा र नेपालमा वर्णव्यवस्थामा परिवर्तनका कुरा माग गर्ने केही साहित्यिक पत्रिका सञ्चालक र अन्य विद्वान्हरू पछि स्वयं आलोचित भई पुरानै वर्णव्यवस्थाको अनुमोदनमा पाठ्यपुस्तक नै लेख्नुपर्ने भयो । संयुक्तका उदाहरण– द्‌य– द्‌य (द्य) ध्‌य (ध्य) द्‌म (द्म) ङ्‌ग वर्णको अस्तित्व लोप हुने र हाम्रा पुराना शास्त्र, अभिलेख आदि पछिल्लो पुस्ताका निम्ति अबोध्य हुनाले माथिका प्रस्तावमा कसैबाट अनुसरण गरिने अनुमोदन हुने कुरै रहेन । ह्रस्व दीर्घ मात्राको चर्चा गर्दा नेपाली साहित्यले सम्मान गरिएका उच्चस्तरका व्यक्तित्वबाट अघिपछि, भोलि जस्तो अव्यय शब्द र अन्य ह्रस्व इकारान्त शब्दहरूलाई छन्द मिलाउन शब्दका पछि 'ऽ' चिन्ह लगाएर दीर्घ बनाउने प्रसङ्ग कति मान्य र व्यावहारिक होला ! विवेचना हुनुपर्दछ ।

शब्द उच्चारणमा त्यस्तै अशुद्धि हुने अर्को शब्द हो– जीर्णोद्धार । जीर्ण+उद्धार–

अर्थात् पुरानो–थोत्रो वस्तु उद्धार गर्नु वा परिष्कार गर्नु, नयाँ बनाउने अर्थमा प्रयोग हुने तत्सम शब्द मन्त्री लगायत माथ्लो ओहोदाका व्यक्तिसमेतबाट 'जीर्णोद्वार' (थोत्रो–ढोका) उच्चारण सुन्दा न मज्जा लाग्छ। जीर्ण-उद्धार अर्थै हुँदैन। द ध संयुक्त र दव संयुक्तको ज्ञान न भएर यस्ता गल्ती भएको हुनुपर्दछ। उद्यम–उध्यम, उद्योग–उध्योग अरू उदाहरण छन्।

जननी संस्कृतबाट अन्य भारतीय भाषा देवनागरी लिपि हुने भाषाभैँ प्राकृत-शौरसेनी-हिमाली शाखा हुँदै खस-नेपाली हुन पुगेको भाषामा जननी भाषाका स्वरूप, उच्चारण व्यवस्था आउनु स्वाभाविक हो।

स्वर (अच्) व्यञ्जन (हल्) का तिनै वर्णहरू अविकृत रूपमा नेपालीमा प्रयोग हुन्छन्। 'लृ' प्रयोगविहीन भएर हरायो। हाम्रो लेख्य वा कथ्य भाषामा प्रयोग हुने संस्कृतका तत्सम शब्द यति मात्र छन् भनेर परिगणना नै साध्य छैन। त्यस कारण सग्लो वा संयुक्त प्रयोगमा दायाँबाँया गर्न, अन्यथा बिगार्न वा वर्ण सङ्केत छाड्न नयाँ गर्ने बहानामा तलमाथि गर्न पाइन्न⁄हुँदैन। तत्सम वर्णमा दय को द्य रूप दमको द्म रूप हयको ह्य रूप हराउन ऋृ को रि यसरी जथाभावी मनलाग्दी गर्न पाइन्न। सजिलो भयो भनेर ई ओ-ए अे ऋ को रि रु रू को ु ू गर्नु रेफ दिएर 'र्य' को ध्वनि ल्याउन खोज्नु हास्यास्पद हुनेछ।

भाषाका सबै विधा, व्यवहारमा प्रयोग हुने तत्सम शब्दहरू छन्द, गद्य, पद्य, विज्ञ, यज्ञ, सक्षम, नक्षत्र, अन्यत्र, प्रत्यक्ष आदि अनगिन्ती शब्दमा संयुक्त वर्ण अघि उच्चारणमा ह्रस्व वर्ण दीर्घ उच्चारण हुन्छ। यो अकाट्य नियम हो।

नेपालीकरण गरिएका तद्भव वा भर्रा–मौलिक शब्दका उच्चारण विधिमा माथिका नियम लागू हुँदैनन्।

(१) क्रिया र क्रियात्मक रूपमा प्रयोग हुने– गर्‍यो, गर्‍याछ, भन्यो–भन्याछ–भन्या हो, उन्यो–उन्याछ–उन्या हो, पुर्‍यो, पुर्‍याछ, पुर्‍या हो, जस्ता अरू– तिनु, कुर्नु, सुन्नु, तुन्नु, बुन्नु, भुल्नु, असुल्नु आदिका धातुबाट बनेका भूतकालिक रूपमा पहिलो वर्ण दीर्घ बोलिदैन।

(२) नामका – य सित मोरिएका – खन्यू, गुन्यू दँद्यौरा उन्यू, मस्याम पन्यु, कुन्यू आदि संयुक्त अघि दीर्ध उच्चारण हुँदैनन्।

(३) नामकै शब्द यसित र क, ठ, ट ड वर्ण जोडिएका निम्न शब्द– कँध्यौरी, घुर्‍यान, धर्‍याँसो, कठ्यौरी, चट्याङ, पट्याँस, गँड्यौलो अठ्याङ, खस्यौली आदि शब्द अघिको ह्रस्वै उच्चारण हुन्छ।

(४) विशेषणमा – अँध्यारो, उज्यालो, घँस्याइलो, आदिको अघिल्लो वर्ण दीर्घ हुँदैन।

(५) अनुकरणात्मक शब्द य सित मोरिएका – खस्याक्क, कर्‍याप्प, फर्‍याकफुरुक, गल्यात्त, ह्वस्वाक्क, पर्‍याक्क, ह्वल्याक्क आदि शब्दका संयुक्त अघि दीर्घ उच्चारण हुँदैनन्। यस्ता विभिन्न शब्द प्रयोगमा बगुन्द्र पाइन्छन्।



उच्चारणअनुसार ह्रस्व वा दीर्घ दुवै किसिमले व्यवहारमा आएका केही शब्दहरू छन्– कन्या (नाम) केटी कन्या (क्रिया-कनाऊ अर्थमा) बित्यास दोष लाग्नु छुक खानु, बित्यास (अभर पर्नु) पट्यायो (आफ्ना अधीन पार्‍यो-फकायो) पट्यायो (लुगा थान एकत्र पार्‍यो) भट्यायो (भाटा लगाउने वा भाटोले हान्ने काम गर्‍यो) भट्यायो (ठूलो स्वरले भन्नमा अगुवाइ गर्‍यो) टिठ्यायो (नियाल्ने काम) टिठ्यायो (गौरसित हेर्ने काम)। यसैगरी अक्षर 'र' सँग संयुक्त हुने स, श, ष, ह, व र यिनै वर्णसित संयुक्त अक्षरहरू बगुन्द्रै हाम्रा भाषामा प्रयोग हुन्छन्। तत्सम शब्द बाहेक अरूमा पाणिनीय नियमले हेरिनु कति न्यायसङ्गत र व्यावहारिक होला ?

मेरो कर्मक्षेत्र शिक्षण र त्यसमा नेपाली भाषा र साहित्य शिक्षण (माध्यमिक तह) हुनाले छन्दबद्ध कविताहरू शिक्षण गर्दाको अनुभव र उपाय के थियो भने तत्समबाहेक नेपालीकरण गरिएका भर्रा र मौलिक अन्य शब्दहरूमा संस्कृत भाषाको नियम 'संयोगे गुरु'ले काम गर्दैन। प्रश्न आउने भए। जनजिब्रोका प्रयोग एकापट्टि अनि बेतुकका तर्कले हुँदैन। जिज्ञासु र प्रतिभाशाली विद्यार्थीका लागि तथ्य शिक्षण गर्नुपर्ने धर्म हो।

स्नातक तहमा नेपाली भाषा पढ्दाका विभिन्न विद्वान्का प्रयोगहरूका आधारमा समाधान गर्ने प्रयत्न गरियो। तत्सम बाहेक नेपालीकरण भएका, जनजिब्रोले बोलिएका, पचाइएका शब्दमा भाषाको वास्तविक उद्गम जनजिब्रो, जनबोली हुनाले अक्षरको र मात्राको ध्वननमा वास्तविक जसरी शब्द उच्चारित हुन्छन् वा धेरै थोरै समय लाग्छ– त्यसअनुसार ह्रस्व वा दीर्घ मान्नुपर्दछ। यो मेरो तर्क र समाधान हुने गर्दथ्यो। योभन्दा कारगर उपाय, नियम, विधि छन् भने म जिज्ञासुका लागि मार्ग निर्देशक, शिक्षाप्रद हुनेछन्। उच्चारणकर्ताले संयुक्त वर्ण अघिकोमा बलाघात गरी तानेर उच्चारण गरे दीर्घ र सामान्य वा अनुदात्त ध्वनिमा उच्चारण गरे ह्रस्व हुन्छ यो मेरो विचार हो।

अध्यापनबाट निवृत्त भएपछि परिस्थितिवश कर्मस्थल छोडेर राजधानीमा बसोबास गर्न पाउनु गौरवपूर्ण घटना भएको छ। त्यसमा पनि अत्यन्त रुचि र चासो रहेको साहित्यिक वातावरण, अध्ययन, स्वनामधन्य विद्वत्वृन्दको सङ्गत र थोरबहुत काव्य सृजनातिर अलमलिनु, प्रवृत्त हुनु अपूर्व संयोगको रूपमा लिएको छु। महिमा मण्डित ख्यातनामा विद्वान्हरूका समुपस्थितिमा आयोजना हुने काव्य-गोष्ठीहरूमा सामेल हुनु, भागलिन पाउनु अहोभाग्य मानेको छु। कार्यस्थल रहँदै कृति सृजना गर्ने रुचिपूर्ण कार्यले बृहत् क्षेत्र र अवसर पाएपछि जानी नजानी कृति सृजना गर्नु सहभागिता जनाउनु, दिग्गज विज्ञ कविजनबाट प्रेरणा पाउनु मेरा निमित्त स्वर्ण औसर, परं सन्तुष्टिको विषय रह्यो। वामेसर्दै गरेको सृजना यात्रा विशिष्ट परिवेश अपूर्व सङ्गत र उन्मुक्त वातावरण पाएपछि अघि अनुदार र सङ्कीर्ण व्यवस्थामा गुम्सिएर रहेका भावनाहरूले खुला भएर पङ्ख फिँजाए। सम्भ्रान्त कवि, विज्ञ मनीषी जनसामु आला काँचा केही सृजना वाचन गरिए। तीमध्ये केही पद्यांश यस्ता थिए–

क) जा तैं भनेछ यदि पर्छ कि पो बित्यास (वसन्त तिलका चौथो पाउ)

ख) केरी भीरैतिर जब कुदे हुन्छ स्वाहा बथान (स्रग्धरा-चौथो पाउ)

ग) धनप्रसाद लु निर्धन भो उही (द्रुतविलम्बित-दोस्रो पाउ)

घ) अल्झेर लोटिन् गुन्यू.. (शार्दूलविक्रीडित- चौथो पाउ)

ङ) मान्छेमा भव ज्ञानको विषय खै खै दूर द्रष्टा यहाँ (शार्दूलकै- चौथो पाउ)

माथिका पद्यांशहरू क, ख, घ, उदाहरण मेरा सृजना र ग र ङ अन्य कुनै कविका सृजना थिए। कतिपय गोष्ठीमा छन्दपारखी विज्ञ कविजनबाट वाचित कविता तत्क्षणमै टिप्पणी गर्ने, सुधार गर्नुपर्ने सल्लाह दिने प्रचलनअनुसार विमर्श हुँदा यस्ता सुझाव आए –

उदाहरण 'क' को 'बित्यास' को बि दीर्घ हुनुपर्छ।

उदाहरण 'ख'को 'स्वाहा' अघि आउने 'हुन्छ' को छ दीर्घ हुन्छ।

उदाहरण 'ग' को प्रसाद अघिको धनको 'न' दीर्घ हुन्छ कि ?

उदाहरण 'घ' को 'गुन्यू'को गु दीर्घ हुन्छ कि ?

उदाहरण 'ङ' का ज्ञान अघिको व र द्रष्टा अघिको र दीर्घ हुन्छ कि ?

यसरी सुझाबहरू भैरहँदा अन्य विज्ञकविको मौन स्वीकृति रह्यो। मजस्ता सिकारूका लागि कमी कमजोरी सुधार गर्न पाउने कार्यक्रम बेसै लाग्यो। अन्यथा मानिएन⁄हैसियत पनि होइन। केही निषेधात्मक र केही वाञ्छित आशयका थिए। सोअनुसार यस अघिका मेरा कृतिहरू उपयुक्त सुझाव कार्यान्वयन गर्न जमर्को पनि गरियो। भावपक्ष कमजोर हुने 'ल्हासा जाने कुतीको बाटो' जस्तै भयो। घतले मानेन। सृजनाहरूमा गौरसित नियाल्न थालें।

कुनै नयाँ सृजना हुन भावनामा तरङ्ग हुने, मथिङ्गल झस्क्याउने, कुतूहल जगाउने, विचारमा धक्का दिने प्रक्रिया जस्तै यो घटनालाई मैले सकारात्मक रूपमा लिएँ। मसँग उपलब्ध कृतिहरू नियाल्दा तल केही खट्किदा कुरा माथि पाइएका सुझाव, विमर्श विपरीतका केही पद्यांशहरू राख्ने धृष्टता गरें। यो सन्दर्भ कसैप्रति दूराशयपूर्ण छिद्रान्वेषण नभएर अन्योल दुविधा रहेका कुरामा जिज्ञासा राख्ने मात्र ध्येय हो। त्यसैले यहाँ कृतिकारहरूको उल्लेख नगरी कृतिबाट कविताांश उद्धृत गरिएका छन्–

१) 'चम्किन्थे अघि स्वर्णकाल महिमा पूर्वीय आकाशमा' शाकुन्तल महाकाव्य सर्ग-१⁄१

२) 'दाना सुन्दर स्वर्णका झलमली देख्लान् गुडेका कण' शाकुन्तल महाकाव्य, सर्ग-१⁄६

३) 'आस्था उज्ज्वल स्वस्थ भाव सहितै मान्छे रमेका अति' (डायना महाकाव्य पृष्ठ-४⁄१०

४) 'यौटे त्यो उपहार सुम्पन स्वयं आए कि द्रष्टा बनी' डायना महाकाव्य पृष्ठ-५⁄११

५) रूप छ बेग्लै शील स्वभाव (डायना महाकाव्य पृष्ठ- १२, श्लोक ३१

६) बनोस् सुदिव्य जिन्दगी सुस्वादु भव्य रत्नको' डायना महाकाव्य पृष्ठ १७, श्लोक ४५

७) स्वर्णिम विन्दु स्वप्न लहरको झकमक पार्दछ आफैं नाम' डायना महाकाव्य पृष्ठ ३३, श्लोक-८७



८) मीठो लाग्छ कि स्वार्थमा लडिबुडी खेल्दै हमेसा जुटी' डायना महाकाव्य पृष्ठ- १८८, श्लोक-५०७

९) इच्छा लाग्छ कि स्वादले ग्रहणको तारेर आफ्नै मुटु' डायना महाकाव्य पृष्ठ- १८८, श्लोक- ५०७

१०) सधैं रहस्य बन्दथ्यो सुस्वादु स्वच्छ जिन्दगी' डायना महाकाव्य पृष्ठ-१९, श्लोक ५२

११) 'त्यो मान्छे म स्वयं जयन्त अहिले सम्झेर आफ्ना व्यथा' आरोहण महाकाव्य पृ.- २२४, श्लोक-६

१२) 'मधुर स्वाद मिलोस् परिपूर्णता' आरोहण महाकाव्य, पृष्ठ- २१६, श्लोक- १९

१३) 'मेरो विराम भन स्वाङ तिमी नपार' आरोहण महाकाव्य, पृष्ठ- १६६, श्लोक-६०

१४) जहाँ तप्त लाभा स्वयं बन्छ श्वेत' खण्डकाव्य त्रयोदश, पृष्ठ- २७९, श्लोक-६२

१५) लाग्दै छ स्वप्न किन दूर भयो बिहान' खण्डकाव्य त्रयोदश, पृष्ठ- २९८, श्लोक २५

१६) सर्वाङ्ग स्वादु सुष्मासित नृत्य थेर' खण्डकाव्य त्रयोदश, पृष्ठ- ३०४, श्लोक ६१

१७) मन्दाक्रान्तानुसरण स्वयं लक्ष्य कल्ले बनायो' आत्मनिर्माण महाकाव्य, पृष्ठ-६, श्लोक-३२

१८) आफै चल्दछ योग साधक स्वयं सङ्कल्पको टाकुरा' आत्मनिर्माण महाकाव्य, पृष्ठ-११, श्लोक-५८

१९) एकै ठाउँ अनन्त स्वाद रसको संयोग पाइन्छ र ?' आत्मनिर्माण महाकाव्य, पृष्ठ- ११, श्लोक-६३

२०) टिके आफ्ना आफ्नै गतिसँग स्वयं सन्तुलनमा' आत्मनिर्माण महाकाव्य, पृष्ठ-१६, श्लोक-१७

२१) आमा ! आफ्नो निज शिशु स्वयं आखिरी लिन्न जिम्मा' आत्मनिर्माण महाकाव्य, पृष्ठ-३६, श्लोक-६८

२२) स्वयम्भूको पदपद स्वयं मानवी भाव राख्नू' आत्मनिर्माण महाकाव्य, पृष्ठ-२८, श्लोक-१७

२३) नेपाली ! यदि स्वाभिमान छ भने आफैं बनाऊ घर' छन्द तरङ्ग भाग-१, पृष्ठ-२७

२४) नेपाली ! यदि स्वाभिमान छ भने सौन्दर्य आफैं छर' छन्द तरङ्ग भाग-१, पृष्ठ-२७

२५) नेपाली ! यदि स्वाभिमान छ भने उद्योग आफैं गर' छन्द तरङ्ग भाग-१, पृष्ठ- २७

२६) नेपाली ! यदि स्वाभिमान छ भने निर्माण आफैं गर' छन्द तरङ्ग भाग-१, पृष्ठ- २७

२७) बन्दामा पनि ध्वस्त हार मनले मानेन जापानले' छन्द तरङ्ग भाग-१, पृष्ठ- २७

२८) केही व्यक्ति स्वतन्त्र पार्न उसको स्वातन्त्र्य लुट्दै गए' छन्द तरङ्ग भाग-१, पृष्ठ-२८

२९) केही ज्यान निमित्त ज्यान यसरी लाखौं निमोठ्तै गए' छन्द तरङ्ग भाग-१, पृष्ठ-२८

३०) जल कल्लोल प्रसन्न मञ्जरी' शाकुन्तल महाकाव्य सर्ग १⁄३

३१) गाना षट्पदको छ श्रेष्ठ कविको यो कल्पनोद्यानमा' शाकुन्तल महाकाव्य, पृष्ठ १०, श्लोक-७

३२) अखण्ड दिव्य कल्पना अजस्र स्रोत हो धरा' (आरोहण महाकाव्य, सर्ग–६/८
३३) सुस्केरा छ त्रिपालमा जनमिली आलो र पालो गरी' आरोहण महाकाव्य सर्ग–६/८
३४) 'एकाएक प्रकम्प कम्प किन भो चिन्ता यही लाग्दछ' आरोहण महाकाव्य सर्ग–४/३२
३५) वय सरासर प्रौढ हुँदै गयो' आरोहण महाकाव्य सर्ग–६/१०४
३६) रवि उषा अनुप्राणित गर्दछन्' आरोहण महाकाव्य सर्ग–६,/१२५
३७) मान्छेले तन बुद्धि ज्ञान सँगमा चल्ने भए मान्य छ' सम्मिलन काव्य, पृष्ठ–११६, श्लोक–२
३८) जब समीप छ प्रश्न र उत्तर' सम्मिलन काव्य, पृष्ठ–७, श्लोक– १३२
